# जलवायु परिवर्तन सम्बोधनका कार्यहरूमा नेपालका आदिवासी जनजातिहरूको सवाल, अधिकार र अडानहरू

# Issues, Rights and Positions of Indigenous Peoples of Nepal in Climate Action




PHOTO: ASHOK PARIYAR



PHOTO: TUNGA RAI

# जलवायु परिवर्तनसम्बन्धी पेरिस सम्झौतामा आदिवासी जनजातिका अधिकार र सवालहरू

जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारूप महासन्धिः विश्वव्यापी जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनका लागि सन् १९९२ मा हस्ताक्षर भई १९९४ देखि कार्यान्वयनमा आएको जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारूप महासन्धिको मुख्य उद्देश्य वायुमण्डलमा हरितगृह ग्याँसको मात्रालाई स्थिर राख्नु र पारिस्थितिकीय प्रणालीलाई प्राकृतिक रूपमा रहन दिनु हो । उक्त उद्देश्य प्राप्तिका लागि महासन्धिका सदस्य राष्ट्रहरूले आ-आफनो क्षमता अनुसार साझा तर पृथक जिम्मेवारी निर्वाह गर्नुपर्ने सिद्दान्त अवलम्बन गरिएको थियो, जस अनुसार महासन्धिको अनुसूची १ मा रहेका ३६ वटा विकशित सदस्य राष्ट्रले आफ्नो हरितगृह ग्याँसको उत्सर्जनलाई सन् १९९० को तहमा झार्नुपर्ने र अनुसूची २ मा रहेका २६ वटा विकशित सदस्य राष्ट्रले विकासोन्मूख देशहरूलाई महासन्धिको दायित्व निर्वाह गर्न आर्थिक स्रोत उपलब्ध गराउनु पर्ने जिम्मेवारी तय गरिएको थियो भने अन्य सदस्य राष्ट्रको जिम्मेवारी स्पष्ट थिएन ।


नेपाल आदिवासी जनजाति महासंघ
जलवायु परिवर्तन साझेदारी कार्यक्रम


महाराजगञ्ज, काठमाण्डौ, नेपाल, फोन:- ९७७-१-४४१५३७६
इमेल: info@nefinclimatechange.org
वेबसाइट: www.nefinclimatechange.org


साझेदार : IWGIA
सहयोग :


# जानकारी-पत्र

NEFIN

**नयाँ सम्झौताको आवश्यकताः** यसै क्रममा अनुसूची १ मा परेका सदस्य राष्ट्रले हरितगृह ग्याँस उत्सर्जन कटौतिका लागि निर्वाह गर्नुपर्ने दायित्व निर्धारण गर्न महासन्धि अन्तर्गत सन् १९९७ मा क्योटो अभिसन्धि तर्जुमा गरिएको थियो, जसको प्रभावकारी कार्यान्वयनमा विकशित सदस्य राष्ट्रले क्रमशः अनिच्छा प्रकट गर्दै आएको, महासन्धि तथा क्योटो अभिसन्धिको तर्जुमा पछि खासगरी चीन, भारत, ब्राजिल, दक्षिण अफ्रिका जस्ता विकासोन्मूख देशबाट हरितगृह ग्याँसको उत्सर्जन पनि उच्च हुँदै गएको र जलवायु अनुकूलनका दृष्टिले अतिकम विकशित मुलुकहरू झनै जोखिममा पर्दै गएकोले महासन्धिको पूर्ण र प्रभावकारी कार्यान्वयनको लागि सबै सदस्य राष्ट्रहरूको कुनै न कुनै भूमिका र दायित्व निर्वाह तथा योगदान गर्नेगरी कानूनी रूपमा बाध्यात्मक हुने नयाँ सम्झौता गर्नुपर्ने अभिमत सिर्जना भएको थियो ।

यस किसिमको नयाँ सम्झौताका लागि महासन्धिका पक्षराष्ट्रहरूको सन् २००७ मा इन्डोनेशीयाको बालिमा सम्पन्न १३औं सम्मेलनमा एउटा मार्गचित्र बनाई सन् २००९ मा डेनमार्कको कोपनहेगनमा आयोजना हुने १५औं सम्मेलनमा सम्झौता गर्ने तयारी गरिएको भएपनि विकशित र विकासोन्मूख देशहरूका बीच आ–आफ्नो दायित्वको बारेमा तिब्र मतभेदका कारण सम्झौता हुन सकेन ।

त्यसैले सन् २०११ मा दक्षिण अफ्रिकाको डर्वानमा सम्पन्न १७औं सम्मेलनले सन् २०१५ मा पेरिसमा आयोजना हुने २१औं सम्मेलनमा नयाँ सम्झौता गर्नेगरी अर्को मार्गचित्र तय गरी ४ वर्षसम्म निरन्तर वार्ताहरू गरिए, जसको परिणाम स्वरूप सन् २०१५ मा पेरिसमा जलवायु परिवर्तनसम्बन्धी नयाँ सम्झौता सम्पन्न भयो ।

**पेरिस सम्झौताका सवाल, विशेषता र विषयहरू :** पेरिस सम्झौता कस्तो सम्झौता हो भन्ने बारेमा विभिन्न मतहरू विद्यमान छन् । सम्झौताका लागि भएका वार्ताहरूमा दीर्घकालिन रूपमा वायुमण्डलको तापक्रम लक्ष्य कति हुने, हरितगृह ग्याँस उत्सर्जन कटौतिको मार्ग के हुने, अनुकूलन र न्यूनीकरणका दीर्घकालिन लक्ष्यहरू के हुने, यसका लागि को जिम्मेवार हुने, कसले नेतृत्व लिने, कसले प्रतिवद्धता जनाउने, कसले योगदान गर्ने र आर्थिक, प्राविधिक र क्षमता विकासका लागि कसरी सहयोग प्रवाह गर्ने भन्ने मुख्य सवालहरू थिए ।

पेरिस सम्झौता कानूनी रूपमा बाध्यात्मक हुने र नहुने गरी दुबै विशेषता भएको दस्तावेज हो भन्ने गरिन्छ । महासन्धिले आ–आफ्नो क्षमता अनुसार उत्सर्जन कटौतिका लागि राष्ट्रिय योगदानको निर्धारण गर्न बाध्य बनाएको छ, यद्यपि यसरी निर्धारित योगदान पुरा नगरेमा दण्डको व्यवस्था छैन, त्यसैले पेरिस सम्झौतालाई दाँत नभएको बाघ भन्ने पनि गरिन्छ । यद्यपि, महासन्धिमा हस्ताक्षर गरी अनुमोदन गरीसकेपछि राष्ट्रिय रूपमा कानून सरह हुने भएकोले पेरिस सम्झौताको कानूनी हैसियत रहेको छ ।

पेरिस सम्झौतमा दीर्घकालिन रूपमा तापक्रम लक्ष्य र न्यूनीकरण लक्षहरू, न्यूनीकरणका माध्यमहरू, अनुकूलनका उपायहरू, हानी र क्षति घटाउने उपायहरू, आर्थिक स्रोत प्रवाह गर्ने प्रणाली, सम्झौताको नियमित समिक्षा, कार्यान्वयन संयन्त्र, अनुमोदन र अन्य कार्यविधिगत व्यवस्थाहरू गरिएका छन् ।

## पेरिस सम्झौतामा आदिवासी जनजातिका अधिकार

पेरिस सम्झौता जलवायु सम्झौता भएकोले यस सम्झौतामा मानव अधिकार तथा आदिवासी जनजाति अधिकारले कति महत्व पाउने भन्ने विषयमा वार्ताका क्रममा केही सवालहरू सिर्जना भएका थिए । यद्यपि सम्झौतामा उल्लिखित निम्न व्यवस्थाहरू आदिवासी जनजातिको अधिकार सुनिश्चितताका लागि निकै महत्वका छन् :

- **प्रस्तावना र आदिवासी जनजाति अधिकार :** सम्झौताको प्रस्तावना अनुसार सदस्य राष्ट्रहरूले जलवायु परिवर्तनलाई सम्बोधन गर्ने उपायहरू अवलम्बन गर्दा आदिवासी जनजाति र स्थानीय समुदायको अधिकार र मानव अधिकार, स्वास्थ्यको अधिकार, आप्रवासी, बालवालिका, फरक क्षमता भएका व्यक्ति र संकटासन्न अवस्थामा रहेका समुदायको अधिकारको सम्मान र प्रवर्द्धन गर्नुका साथै यससम्बन्धी आ–आफ्नो दायित्व पनि बिचार गर्नुपर्ने हुन्छ । यो व्यवस्था सम्झौताको क्रियाशील खण्डमा नगरिएको भएपनि आदिवासी जनजातिको अधिकारका लागि सम्झौतामा गरिएको यो एउटा प्रत्यक्ष व्यवस्था हो ।

- **अनुकूलन र आदिवासी जनजाति अधिकार :** अनुकूलनसम्बन्धी कार्यहरू विज्ञानका अतिरिक्त परम्परागत ज्ञान, आदिवासी जनजातिको ज्ञान र स्थानीय ज्ञान पद्धतिमा पनि आधारित हुनु पर्दछ । अनुकूलनलाई सामाजिक, आर्थिक तथा वातावरणीय नीतिहरूमा पनि एकिकृत गरिएको हुनुपर्छ । अनुकूलन योजना तर्जुमा प्रक्रियामा प्राकृतिक स्रोतको दिगो व्यवस्थापनका माध्यमबाट सामाजिक आर्थिक र पर्यावरणीय प्रणालीको पुनर्स्थापन क्षमता बढाएको हुनुपर्छ ।

## आदिवासी जनजातिको अधिकार प्रवर्द्धनमा सघाउने व्यवस्थाहरू

पेरिस सम्झौतमा गरिएका तल उल्लिखित विभिन्न व्यवस्थाहरू प्रत्यक्ष रूपमा आदिवासी जनजाति अधिकारसँग सम्बन्धित नदेखिए पनि यी व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयनका क्रममा आदिवासी जनजातिको पूर्ण र प्रभावकारी सहभागिता सुनिश्चित् गर्नुपर्ने हुन्छ । यसो गर्दा आदिवासी जनजाति अधिकार प्रवर्द्धनमा टेवा पुग्नुपर्ने हुन्छ ।

- **प्रस्तावना :** सम्झौताको प्रस्तावना अनुसार सदस्य राष्ट्रहरूले जलवायु परिवर्तनलाई सम्बोधन गर्ने उपायहरू अवलम्बन गर्दा विकासको अधिकार, लैङ्गिक समता, महिला सशक्तीकरण, अन्तरवंशीय समन्यायको सम्मान र प्रवर्द्धन गर्नुका साथै यससम्बन्धी आ-आफ्नो दायित्व पनि बिचार गर्नुपर्ने हुन्छ । त्यस्तै सबै किसिमका पारिस्थितिकीय प्रणालीप्रतिको निष्ठा र जलवायु न्यायलाई सुनिश्चितता गर्नुपर्ने कुरामा पनि प्रस्तावनाले महत्व दिएको छ ।

- **सम्झौताको प्रयोजन (धारा २) :** हरितगृह ग्याँस न्यून उत्सर्जन गर्ने विकास पद्धति अवलम्बन गर्दा खाद्य उत्पादन प्रणालीमा जोखिम सिर्जना नहुने कुराको सुनिश्चितता हुनुपर्छ ।

- **दीर्घकालिन तापक्रम लक्ष्य र राष्ट्रिय रूपमा निर्धारित योगदान (धारा ३ र ४) :** सदस्य राष्ट्रहरूले दीर्घकालिन तापक्रम लक्ष्य र राष्ट्रिय रूपमा निर्धारित योगदान तय गर्दा दिगो विकास र गरिवी निवारणलाई पनि ध्यान दिनुपर्ने कुरालाई सम्झौताले महत्व दिएको छ ।

- **गैरकार्वन लाभलाई उत्प्रेरणा (धारा ५) :** रेडप्लसअन्तर्गत उत्प्रेरणा प्रदान गर्दा उपयुक्त भएसम्म गैरकार्वन लाभलाई पनि उत्प्रेरणा प्रदान गर्नुपर्छ ।

- **सुरक्षा मापदण्ड (धारा ६) :** सदस्य राष्ट्रहरूले आफ्नो योगदान पूरा गर्ने क्रममा अन्तर्राष्ट्रिय रूपमा स्वेच्छिक किसिमले न्यूनीकरणका उपलब्धिहरू बिक्री गर्ने भएमा त्यसो गर्दा सो प्रक्रियाले दिगो विकासको प्रवर्द्धन र सुशासन सहित पर्यावरणीय निष्ठा र पारदर्शिताको सुनिश्चितता गर्ने किसिमको हुनुपर्छ ।

- **अनुकूलन (धारा ७) :** अनुकूलन सबै तहमा रहेको एउटा विश्वव्यापी समस्या भएकोले यससम्बन्धी उपायहरू अवलम्बन गर्दा जनता, जीविकोपार्जन र पारिस्थितिकीय प्रणालीको सुरक्षा गर्ने कुरालाई पनि मान्यता दिएको हुनु पर्छ । अनुकूलनसम्बन्धी कार्यहरू पारिस्थितिकीय प्रणाली, स्थानीय समुदाय र संकटासन्न समूहलाई बिचार गर्दै राज्यको अपनत्व हुने किसिमको, लैङ्गिक संवेदनशील, सहभागितामूलक र पूर्णपारदर्शी हुनु पर्दछ ।

- **हानी तथा क्षति रोकथाम, न्यूनीकरण र सम्बोधन (धारा ८) :** जलवायु परिवर्तनका कारण हुने हानी तथा क्षतिको रोकथाम, न्यूनीकरण र सम्बोधनका क्रममा राष्ट्रहरूले सहकार्य गर्दा पूर्वसावधानी प्रणाली, आकस्मिक तयारी, विस्तारै घटने घटनाहरू, सदाका लागि हुने हानी तथा क्षति, गहन किसिमले जोखिम मूल्यांकन र व्यवस्थापन, जोखिमको बीमा प्रणाली, गैरआर्थिक क्षति र पर्यावरण प्रणाली, जीविकोपार्जन तथा समुदायको पुनर्स्थापन क्षमता जस्ता विषयमा ध्यान दिनुपर्छ ।

- **क्षमता विकास (धारा ११) :** जलवायु परिवर्तनसम्बन्धी क्षमता विकासका कार्यहरू सहभागितामूलक, बहुक्षेत्रगत र लैङ्गिक सम्बेदनशील हुनु पर्दछ ।

- **सहभागिता अधिकार (धारा १२) :** राष्ट्रहरूले जलवायु परिवर्तन शिक्षा, तालिम, सार्वजनिक सचेतना, सूचनाहरूमा सार्वजनिक पहुँच दिने कार्यहरू गर्नुपर्ने र यस कार्यमा राष्ट्रहरूले एक अर्का बीच सहयोग गर्नुपर्छ ।

- **नीति, रणनीति र योजनाहरूको तर्जुमाः** पेरिस सम्झौता कार्यान्वयनका क्रममा नेपाल लगायतका अतिकम विकसित मुलुकले राष्ट्रिय रूपमा निर्धारित योगदान (NDCs), न्यून हरितगृह ग्याँस उत्सर्जनमा आधारित विकास रणनीति, राष्ट्रिय अनुकूलन योजना र जलवायु परिवर्तनसम्बन्धी क्षमता अभिवृद्धि योजना गरी ४ वटा महत्वपूर्ण दस्तावेज तर्जुमा गर्नुपर्ने हुन्छ र यस प्रक्रियामा आदिवासी जनजाति र स्थानीय समुदायको पूर्ण र प्रभावकारी सहभागिता अनिवार्य हुन्छ ।

## आदिवासी जनजातिहरूको अधिकारमा जोखिम

पेरिस सम्झौताको प्रस्तावनाले मानव अधिकार र आदिवासी जनजातिको अधिकार सुनिश्चित् गर्ने दायित्वलाई महत्व दिएको छ । त्यसैले यो सम्झौता कार्यान्वयन गर्दा आदिवासी जनजाति अधिकारको सम्मान र प्रवर्द्धन गर्नुपर्ने हुन्छ । यद्यपि पेरिस सम्झौतको कार्यान्वयनका क्रममा निम्न कारणहरूले गर्दा आदिवासी जनजातिको अधिकारमा जोखिम सिर्जना हुने अवस्था रहेको छ :

- सम्भौता अनुसार राज्यले विभिन्न रणनीति र योजना बनाउने जिम्मेवारी लिएका छन् र यस्ता रणनीति तथा योजना बनाउँदा आदिवासी जनजातिको सहभागिता कस्तो किसिमको हुने भन्ने कुरा राष्ट्रको विधि र शैलीमा भर पर्ने भएकोले नेपाल जस्तो केन्द्रिकृत नीति निर्माण प्रक्रिया भएको मुलुकमा आदिवासी जनजातिको सहभागिता र अधिकार सुरक्षा हुनेगरी माथि उल्लिखित नीति, रणनीति र योजना तर्जुमा हुन्छन् भन्ने कुराको कुनै आधार र सुनिश्चितता छैन ।

- सम्झौता कार्यान्वयनका क्रममा राज्यले न्यून हरितगृह ग्याँस उत्सर्जन रणनीति बनाउने भएको र यस क्रममा खासगरी आदिवासी जनजातिका परम्परागत जीवनपद्धति, कृषि प्रणाली, खोरिया खेती, उद्यौलीउभौली प्रचलन, फिरन्ते प्रणाली, मौसमी चरीचरण प्रणाली, प्रकृति पूजामा आधारित संस्कृति आदिलाई हरितगृह ग्याँस उत्सर्जन गर्ने कारक तत्वको रूपमा लिई त्यस्ता कार्यमा रोकावट वा अवरोध गर्ने रणनीति तथा योजना बन्न सक्ने अवस्था रहेको छ ।

- आदिवासी जनजातिका परम्परागत ज्ञान र संस्कृतिको जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनमा उल्लेखनीय




PHOTO: TUNGA RAI

भूमिका रहने भएकोले यसलाई मान्यता दिनुपर्ने कुरालाई सम्झौताले महत्व दिएपनि नेपालमा हालसम्म बनेका जलवायु नीति तथा अनुकूलन योजनाले खासै महत्व नदिएकोले भविष्यमा बन्ने रणनीति तथा योजनाले पनि मान्यता नदिने अवस्था रहीरहन सक्छ ।

- क्षमता विकास, सहभागिता, अधिकार र सूचनामा पहुँचका विषयमा सम्झौताले कुनै संस्थागत संरचना प्रस्ताव नगरेकोले यी कार्यका लागि राज्यका विद्यमान संरचना नै परिचालित हुने, तर यस्ता संयन्त्रहरू आदिवासी जनजातिमैत्री अवस्थामा नरहेकोले यस्ता कार्यमा विद्यमान संस्थागत संयन्त्रहरूले कसरी प्रभावकारी भूमिकामा निर्वाह गर्न सक्लान ?

- पेरिस सम्झौतामा उल्लिखित स्वेच्छिक सहयोग (voluntary cooperation) को अवधारणा अनुसार सदस्य राष्ट्रले जलवायु परिवर्तन न्यूनीकरणका उपलब्धीहरूलाई अन्तर्राष्ट्रिय स्तरमा कार्वन व्यापारको रूपमा आदान प्रदान गर्न सक्छन् । तर यसो गर्दा अन्य सुरक्षा मापदण्डका बारेमा सम्झौतामा उल्लेख गरिएको भएपनि आदिवासी जनजातिको अधिकार सुरक्षाका बारेमा स्पष्टता नरहेकोले कार्वन व्यापारका क्रममा आदिवासी जनजातिका अधिकार सधै जोखिममा परिरहने अवस्था रहेको छ ।

## आदिवासी जनजाति अधिकार सवलीकरणका उपायहरु

पेरिस सम्झौताको प्रस्तावना र विभिन्न धाराहरूमा आदिवासी जनजातिको अधिकारका सन्दर्भमा गरिएका व्यवस्थाहरू सकारात्मक रहेका छन्, जसको प्रयोगका लागि प्रचार प्रसार, सचेतना र क्षमता विकासको आवश्यकता रहेको छ । पेरिस सम्झौतका विभिन्न विषयअन्तर्गत समावेश गरिएका अधिकारमूखी अवधारणा र सिद्दान्तको प्रभावकारी प्रयोगले पनि आदिवासी

> पेरिस सम्झौताको प्रस्तावनाले मानव अधिकार र आदिवासी जनजातिको अधिकार सुनिश्चित् गर्ने दायित्वलाई महत्व दिएको छ । त्यसैले यो सम्झौता कार्यान्वयन गर्दा आदिवासी जनजाति अधिकारको सम्मान र प्रवर्द्धन गर्नुपर्छ ।






PHOTO: TUNGA RAI

जनजातिको अधिकार प्रवर्द्धनमा मद्दत गर्न सक्छ । त्यसैले आदिवासी जनजाति अधिकारका लागि यस्ता अधिकारमा आधारित अवधारणा र सिद्दान्तको पनि उपयोग गर्नु सान्दर्भिक हुन्छ ।

यस बाहेक आदिवासी जनजातिको अधिकार सुनिश्चितताको लागि क्रियाशील हुनुपर्ने मुख्य क्षेत्र भनेको पेरिस सम्झौता अनुसार राष्ट्रिय तहमा रणनीति र योजना बनाउँदा पुर्ण र सहि जानकारी संप्रेषण, सचेतना, क्षमता अभिबृद्दि, पुर्ण र प्रभावकारी सहभागीताको सुनिश्चितता गर्नु हो । हरितगृह ग्याँस उत्सर्जनमा आधारित विकास रणनीति, राष्ट्रिय अनुकूलन योजना र जलवायु परिवर्तनसम्बन्धी क्षमता अभिवृद्धि योजना तर्जुमा गर्दा नै आदिवासी जनजातिको अधिकार सुनिश्चित गर्ने व्यवस्था र संस्थागत संयन्त्र स्थापित गर्न सकिएमा मात्र जलवायु परिवर्तनको क्षेत्रमा आदिवासी जनजाति अधिकार सुनिश्चित् गर्न सकिन्छ । यसका लागि निरन्तर सचेतना, क्षमता अभिबृद्धि, आदिवासी जनजातिमैत्री माध्यम र भाषामार्फत् पारदर्शी जानकारी संप्रेषणलगायत आदिवासी जनजातिको पूर्ण र प्रभावकारी सहभागिता सुनिश्चित गरिनु पर्दछ । साथै, जलवायु परिवर्तनसम्बन्धी महासन्धि, सन्धि, सम्झौतालगायत मानव अधिकार र आदिवासी जनजाति अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डहरूको कार्यान्वयन आवश्यक हुन्छ । मूलतः, जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलन, प्राकृतिक स्रोत संरक्षण र व्यवस्थापनमा आदिवासी जनजातिहरूको योगदानको कदर गर्नुका साथै आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र (UNDRIP), अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ (ILO C 169) र स्वतन्त्र, अग्रिम, जानकारीसहितको मन्जुरी (FPIC) कार्यान्वयन गर्नु पर्दछ ।

हरितगृह ग्याँस उत्सर्जनमा आधारित विकास रणनीति, राष्ट्रिय अनुकूलन योजना र जलवायु परिवर्तनसम्बन्धी क्षमता अभिवृद्धि योजना तर्जुमा गर्दा नै आदिवासी जनजातिको अधिकार सुनिश्चित गर्ने व्यवस्था र संस्थागत संयन्त्र स्थापित गर्न सकिएमा मात्र जलवायु परिवर्तनको क्षेत्रमा आदिवासी जनजाति अधिकार सुनिश्चित् गर्न सकिन्छ ।

# जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारूप महासन्धिको पक्षराष्ट्रहरूको १६औं सम्मेलन, सन् २०१० निर्णय अनुसूची 'क', कानकुन सम्झौता

अनुच्छेद ७०. प्रत्येक पक्षलाई उपयुक्त हुने गरी राष्ट्रिय परिस्थिती र क्षमता अनुसार न्यूनीकरणका लागि वन क्षेत्रमा तल उल्लेखित गतिविधिहरू गरेर योगदान गर्न विकासशील देशहरूलाई उत्प्रेरित गरिन्छ ।

क. वन फडानीबाट हुने उत्सर्जन कटौती
ख. वनको क्षयीकरणबाट हुने उत्सर्जन कटौती
ग. वन कार्वन संञ्चितीको संरक्षण
घ. वनको दिगो व्यवस्थापन
ङ. वन कार्वन सञ्चितीकरणमा बृद्धि

माथि उल्लेखित (यस निर्णयको अनुच्छेद ७० मा उल्लेख गरिएका) गतिविधिहरू गर्दा निम्न अनुसारका सुरक्षा मापदण्डहरूलाई प्रवर्धन र अवलम्बन गर्नुपर्नेछ :

क. राष्ट्रिय वन कार्यक्रम र सम्बन्धित अन्तर्राष्ट्रिय महासन्धि र सम्झौताहरूको उद्देश्यसंग सामान्जस्यता वा परिपूरक हुनेगरी गर्ने ।

ख. सार्वभौमिकता र राष्ट्रिय कानुनलाई ख्याल राख्दै पारदर्शी र प्रभावकारी राष्ट्रिय वन सुशासन संरचना लागु गर्ने ।

ग. संयुक्त राष्ट्रसंघको महासभाले आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रलाई अवलम्बन गरीसकेको तथ्यलाई मध्यनजर गर्दै, र सम्बन्धित अन्तर्राष्ट्रिय दायित्वहरू, राष्ट्रिय परिस्थिती र कानुनहरूको ख्याल राख्दै, आदिवासी जनजाति र स्थानीय समुदायको ज्ञानसीप र अधिकारको सम्मान गर्ने ।

घ. यस निर्णयको अनुच्छेद ७० र ७२ मा उल्लेखित क्रियाकलापहरूको लागि बिशेष गरेर आदिवासी जनजाति र स्थानीय समुदाय लगायतका सरोकारवालाहरूको पूर्ण र प्रभावकारी सहभागि गराउने ।

ङ. उक्त कृयाकलापहरू प्राकृतिक वन र जैविक विविधताको संरक्षणसंग सामन्जस्यता राख्ने । यस निर्णयको अनुच्छेद ७० लाई प्राकृतिक वनको संरक्षणका लागी नगरीएपनि प्राकृतिक वन र पारिस्थितिकीय प्रणालीको सेवालाई प्रोत्साहित गर्ने, र सामाजिक र वातावरणीय लाभहरू बढाउने कार्यमा जोड दिने ।

च. नकारात्मक परिवर्तनको जोखिम सम्बोधनका कार्यहरू गर्ने ।

छ. उत्सर्जन विस्थापनलाई न्यूनीकरण गर्ने कार्यहरू गर्ने ।

# अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं.१६९ (ILO C 169) : सारसंक्षेप

## आत्मनिर्णयको अधिकार

सामाजिक र आर्थिक अधिकारहरू अन्तर्राष्ट्रिय श्रम संगठनको अधिकार क्षेत्र हुन् । आत्मनिर्णयको राजनीतिक अवधारणाको व्याख्या गर्नु यसको क्षेत्राधिकार भन्दा बाहिरको विषय भएतापनि महासन्धिले आत्मनिर्णयको अधिकारमाथि कुनै सीमा वा बन्देज राखेको छैन् । यो महासन्धिले स्वव्यवस्थापनको अधिकार र आदिवासी जनजातिहरूलाई आफ्नो प्राथमिकताहरू आफै निर्धारण गर्ने अधिकार प्रदान गरेको छ ।

## परामर्श

महासन्धिले आदिवासी जनजातिहरूसँग परामर्श गरिनुपर्ने अधिकारलाई जोड दिएको छ ।

आदिवासी जनजातिहरूको जीवनमा प्रत्यक्ष असर गर्ने वा पार्न सक्ने कृयाकलापहरूबारे निर्णय वा कार्यान्वयन गर्दिा, सो कृयाकलापहरू कसरी, कहाँ र किन गर्ने भन्नेवारे बिचार बिमर्श र छलफलको लागी पर्याप्त समय, सूचना र उचित निर्णय लिन पाउनु पर्दछ ।

आदिवासी जनजातिहरूलाई प्रत्यक्ष असर पार्नसक्ने कुनै पनि कृयाकलापका बारे अन्वेषण, अनुसन्धान, बिचार बिमर्श, छलफल र योजना बनाउँदा र त्यसलाई कार्यान्वयन गर्दिा पर्याप्त परामर्श गरिनु पर्दछ ।

## सहभागिता

आफुसंग सरोकार राख्ने विकासको गति र सीमालाई नियन्त्रण गर्न आदिवासी जनजातिहरू त्यससँग सम्बन्धित सबै प्रकारका प्रक्रियाहरूमा पूर्णरूपमा संलग्न हुनुपर्दछ । कुनै पनि नीति निर्माण प्रक्रिया, परियोजना र कार्यक्रमको कार्यान्वयनमा आदिवासी जनजातिहरू शुरूदेखि अन्त्यसम्म प्रभावकारी रूपमा सहभागी भएमात्र उनीहरू त्यसप्रति जिम्मेबारी हुन सक्दछन् । त्यसो भएमात्र आफ्नो सामाजिक र आर्थिक आत्मनिर्भरताको अवस्था निर्माण गर्न उनीहरू सक्रियरूपमा सहभागी हुन सक्दछन् ।

- आदिवासी जनजातिहरूलाई कुनै पनि परियोजना, नीति वा कार्यक्रमको प्रत्येक चरणमा संलग्न हुने अधिकार रहेको छ ।

- नीति, कार्यक्रम वा परियोजनाको तर्जुमादेखि त्यसको कार्यान्वयन र मूल्यांकन सबै चरणमा सहभागिता हुन दिइनु पर्दछ ।

- निर्णय प्रक्रियाका स्थानीय, राष्ट्रिय र क्षेत्रीय सबै तहहरूमा आदिवासी जनजातिहरू सहभागी हुन पाउँनु पर्दछ ।
- आदिवासी जनजातिहरूको आफ्नै परम्परागत र प्रतिनिधिमूलक निकायमार्फत सहभागी हुन पाउँनु पर्दछ ।
- उनीहरूले स्वीकार गरेको अवस्थाबाहेक यस्तो सहभागिता सुमदाय बाहिरबाट थोपरिएका संरचनाहरू मार्फत गर्न पाइँदैन् ।

## प्रचलन तथा परम्पराहरू

आदिवासी जनजातिहरूको जीवन पद्दतीमा आफ्नै प्रचलन, प्रथा र परम्पराहरूले मूख्य भूमिका रहेको हुन्छ । त्यस्ता प्रथा र परम्पराहरू आदिवासी जनजातिहरूको संस्कृति र पहिचानको अविभाज्य अंग हुन् । पुस्तौंदेखि चलिआएको प्रचलन र परम्पराहरूमा पितृपूजा, धार्मिक वा आध्यात्मिक कार्यक्रमहरू, मौखिक परम्परा तथा रीतिरिवाज आदी पर्दछन् ।

आदिवासी जनजातिहरूका परम्परागत संगीत र नृत्यहरू पनि उनीहरूको सांस्कृतिक पहिचानका महत्वपूर्ण अभिव्यक्तिहरू हुन् । यसका अलावा आदिवासी जनजातिहरूको भाषा मौखिक तथा लिखित दुवै रूपमा अन्य समुदायहरूको भन्दा फरक हुन्छन् । कतिपय यी भाषाहरू मौखिक इतिहास र परम्पराहरूलाई जीवित राख्ने अपरिहार्य माध्यमका रूपमा रहेका छन् । ती भाषाहरू आदिवासी जनजातिहरूको विशिष्ट पहिचानका लागि आधारभूत तत्वहरू हुन् ।

## प्रथाजनित कानून

महासन्धिले आदिवासी जनजातिहरूको आफ्नै परम्परा र प्रथाजनित कानून प्रयोग गर्न पाउने अधिकारलाई मान्यता दिएको छ । महासन्धिले राष्ट्रिय कानूनहरू लागु गर्दा यी परम्परा र परम्परागत कानूनहरूलाई ध्यान दिइनु पर्दछ भनेर उल्लेख गरेको छ ।

## भूमिको अधिकार

महासन्धिले आदिवासी जनजातिहरूले परम्परागतरूपमा बसोबास गरिरहेका क्षेत्रहरूमाथि उनीहरूको अधिकार हुन्छ भनेर स्पष्ट उल्लेख गरेको छ ।

आदिवासी जनजातिहरूको जीवनमा भूमिको महत्वलाई मान्यता दिंदै महासन्धिले, भूमिसम्बन्धी अधिकारको संरक्षण गर्न विशेष उपायहरू अपनाउनु पर्ने व्यवस्था गरेको छ । यसमा निम्न तत्वहरू समावेश छन् :

- आदिवासी जनजातिहरूको भूमिसँगको विशेष सम्बन्धलाई सम्मान गर्नुपर्ने ।
- भूमिमाथिको परम्परागत, व्यक्तिगत र सामूहिक स्वामित्वलाई मान्यता दिइनुपर्ने ।
- आदिवासी जनजातिहरूको परम्परागत क्षेत्रहरूलाई पहिचान गर्नुपर्ने ।

आदिवासी जनजातिहरूको परम्परागत भूमिहरूलाई निम्न कार्यहरूबाट संरक्षण गर्नुपर्ने आवश्यकता रहन्छ :

- आदिवासी जनजातिहरूको परम्परागत क्षेत्रहरूमा सम्बन्धित अधिकारीहरूको अनुमतिविना आफ्नो व्यक्तिगत फाइदाका लागि प्रवेश गर्ने कार्य गरेमा ।
- आदिवासी जनजातिहरूको भूमिलाई जालझेल वा बेइमानीपूर्ण तरिकाहरू अपनाई बाहिरबाट आएकाहरूले हडप्ने प्रयास गरेमा ।

## प्राकृतिक स्रोतहरू

आदिवासी जनजातिहरू आफ्नो परम्परागत ज्ञानपद्धतिहरूका कारण आफ्नो भूमिमा रहेको प्राकृतिक स्रोतहरूको प्रयोग, व्यवस्थापन र संरक्षण गर्न सिपालु छन् ।

महासन्धिले आदिवासी जनजातिहरूलाई आफ्नो भूमि र प्राकृतिक स्रोतहरूमाथि अधिकार रहेको कुरा उल्लेख गरेको छ । यस अन्तर्गत निम्न लिखित कुराहरू पर्दछन् :

- प्राकृतिक स्रोतहरूको उपभोग, व्यवस्थापन र संरक्षणमा सहभागी हुने अधिकार,
- प्राकृतिक स्रोतहरूको अन्वेषण र दोहन गर्नुअघि परामर्शको अधिकार,
- अन्वेषण र दोहनबाट हुने असरहरूका बारेमा अध्ययनको अधिकार,
- प्राकृतिक स्रोतहरूको दोहन र उपभोगबाट हुने फाइदाहरू प्राप्त गर्ने अधिकार,
- यस्ता गतिविधिहरूले पार्ने क्षतिहरूका लागि सरकारबाट क्षतिपूर्ति पाउने अधिकार ।

## विस्थापित

आदिवासी जनजातिहरूका लागि विस्थापन एउटा सम्वेदनशील विषय हो । उनीहरू विकास र प्रगतिका नाममा विस्थापित हुने जोखिम धेरै छ ।

खनिज उद्योग, बाटो, संरक्षण क्षेत्र, जलविधुत परियोजना आदी कारणले आफ्नो परम्परागत भूभागबाट विस्थापित हुनुले धेरैजसो आदिवासी जनजातिहरूको जीवनपद्धति, समृद्धि र सांस्कृतिक पहिचानमा नकारात्मक असर परेको छ ।

महासन्धिले आदिवासी जनजातिहरूलाई उनीहरूको भूमिहरूबाट विस्थापन गरिने छैन् भनेर उल्लेख गरेको छ ।

# आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्तराष्ट्रसंघीय घोषणापत्र (UNDRIP) सारसंक्षेप

## आत्मनिर्णयको अधिकार

आदिवासी जनजातिहरूले राजनैतिक, आर्थिक, सामाजिक एवं साँस्कृतिक प्रणाली र विकासको बारेमा सामूहिक र स्वतन्त्र रूपले निर्णय लिन सक्दछन् ।

उनीहरूलाई आफ्ना राजनैतिक, कानूनी, आर्थिक, सामाजिक एवं साँस्कृतिक संस्थाहरूको संरक्षण र प्रबर्द्धन गर्ने अधिकार हुन्छ ।

आफ्नै प्रकृया, प्रचलन र परम्परा अनुसार संस्थागत संरचना र नेतृत्व छनौट गर्ने अधिकार हुन्छ ।

## भूमि, भूभाग र प्राकृतिक स्रोतमाथिको अधिकार

आदिवासी जनजातिहरूलाई भूमि, भूभाग र प्राकृतिक स्रोतको अधिकार हुन्छ । राज्यले आदिवासी जनजातिहरूको भूमि व्यवस्थापन प्रणाली र परम्पराहरूलाई सम्मान गर्दै कानूनी मान्यता र संरक्षण दिनु पर्दछ । भूमि, भूभाग र प्राकृतिक स्रोतसँगको विशिष्ट सम्बन्धलाई कायम गर्ने र भावी पुस्तालाई हस्तान्तरण गर्ने अधिकार हुन्छ । राज्यले आदिवासी जनजातिहरूको भूमि, भूभाग र प्राकृतिक स्रोतबारे विवाद समाधानको लागि आदिवासी जनजातिहरूसँग सहकार्य गरी खुल्ला र पारदर्शी प्रक्रियामार्फत् विवाद पहिचान र समाधान संयन्त्रको स्थापना र कार्यान्वयन गर्नु पर्दछ ।

## स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जुरी (FPIC)

आदिवासी जनजातिहरूलाई निम्न विषयमा स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जुरीको अधिकार हुन्छ ।

क. आफ्नो भूमि र भूभागबाट बाध्यात्मक विस्थापन र पुनर्स्थापना गराउने कार्य भएमा,

ख. राज्यले आदिवासी जनजातिहरूलाई प्रभाव पार्ने विद्यमान र नयाँ कानून, नियमहरू लागु गर्नु पर्दा,

ग. आदिवासी जनजातिहरूको भूमि तथा भूभागमा विकास योजनाहरू कार्यान्वयनको सिलसिलामा खानी, जल र अन्य प्राकृतिक स्रोतहरू उपयोग गर्दा,

घ. विषादी र खतराजन्य वस्तुहरूले आदिवासी जनजातिहरूको भूमि तथा भूभागमा भण्डारण र फोहरमैला व्यवस्थापन स्थल निर्माण गर्दा आदी ।

## विकासको लागि अधिकार

आदिवासी जनजातिहरूलाई राजनैतिक, आर्थिक र सामाजिक प्रणाली र संस्थाहरूको विकास गर्ने, र व्यवस्थापन गर्ने अधिकार हुन्छ । साथै, जीविकोपार्जन, विकास, परम्परागत गतिविधि, लगायत अन्य आर्थिक गतिविधिहरूमा स्वतन्त्ररूपले सहभागी हुने र संरक्षण गर्ने अधिकार हुन्छ । त्यस्ता अधिकारबाट बञ्चित भएकाहरूका लागि निष्पक्ष न्याय पाउने अधिकार र उनीहरूको अधिकारको निर्धारण गर्ने, प्राथमिकीकरण गर्ने, रणनीति निर्माण गरी आफ्नो विकास गर्ने, स्वास्थ्य, आवास तथा अन्य आर्थिक र सामाजिक कार्यक्रमहरूमा सक्रिय सहभागी हुने, संभव भएसम्म आफ्नै संस्था प्रणाली मार्फत समाज सञ्चालन गर्ने अधिकार हुन्छ ।

राज्यले आदिवासी जनजातिको आर्थिक र सामाजिक व्यवस्थामा सुधार ल्याउन विशेष व्यवस्था गर्नुपर्छ । यसक्रममा आदिवासी जनजाति समुदायका बूढापाका, महिला, युवा, बालबालिका र अशक्तहरूको अधिकार र विशेष आवश्यकतालाई ध्यान दिनु पर्दछ । राज्यले आदिवासी जनजाति बालबालिकाहरूको आर्थिक शोषण र अन्य प्रकारका बालश्रम र विभेदबाट मुक्त गर्नका लागि विशेष उपायहरू अपनाउनुपर्छ ।

## संस्कृति तथा साँस्कृतिक सम्पदाको अधिकार

आदिवासी जनजातिहरू र व्यक्तिलाई आफ्नो संस्कृतिको बाध्यात्मक समायोजन वा विनाश हुनबाट जोगिने अधिकार छ । राज्यले संस्कृतिको जबरजस्ती समायोजनलाई सम्बोधन गर्न प्रभावकारी संयन्त्रको निर्माण गरी संरक्षण गर्नुपर्दछ ।

आदिवासी जनजातिहरूलाई उनीहरूको आध्यात्मिक र धार्मिक परम्परा, रीतिरिवाज, चाडपर्वहरूको अभ्यास, विकास र हस्तान्तरण गर्ने अधिकार हुन्छ । चाडपर्वहरूमा प्रयोग गरिने सामाग्री प्रयोग र नियन्त्रण गर्ने अधिकार पनि हुन्छ । आदिवासी जनजातिहरूको लागि उनीहरूको साँस्कृतिक सम्पदा, परम्परागत ज्ञान, साँस्कृतिक अभिव्यक्तिका साथै आफ्ना विज्ञान, प्रविधि र संस्कृतिको संरक्षण, नियन्त्रण गर्ने र विकास गर्ने अधिकार हुन्छ । राज्यले यस्ता अधिकारहरूलाई मान्यता दिई संरक्षण गर्नुपर्दछ ।

## शिक्षामा अधिकार

आदिवासी जनजातिहरूलाई आफ्ना शैक्षिकपद्धति र शैक्षिक संस्थाहरू स्थापना गरी आफ्नै भाषा, विधि र माध्यममा पढाउने अधिकार हुन्छ । उनीहरूलाई राज्यले प्रदान गर्ने सबै प्रकार र स्तरका शिक्षा हासिल गर्ने अधिकार पनि हुन्छ । राज्यले संभव भएसम्म आदिवासी जनजातिहरूकै संस्कृति र भाषामा आधारित शिक्षा हासिल गर्ने प्रभावकारी उपाय अपनाउनुपर्छ ।

आदिवासी जनजातिहरूको प्रतिष्ठा, साँस्कृतिक विविधता, परम्परा, इतिहास र भावनालाई उपयुक्त रूपले सार्वजनिक तथा शैक्षिक गतिविधिहरूमा समेट्ने अधिकार हुन्छ ।

आदिवासी जनजातिहरूप्रति पूर्वाग्रही व्यवस्थाविरूद्ध लड्न, विभेद उन्मुलन गर्न, सहिष्णुताको विकास गर्न, आदिवासी जनजातिहरू र अन्य समुदायबीचमा सुमधुर सम्बन्ध कायम गर्न प्रभावकारी उपायहरू अपनाउनुपर्छ ।

## स्वास्थ्यमा अधिकार

आदिवासी जनजातिहरूलाई उनीहरूको परम्परागत औषधी र औषधोपोचार पद्धति अपनाउन् र कायम राख्ने अधिकार हुन्छ ।

शारीरिक र मानसिक स्वास्थ्योपचारको लागि उपयुक्त व्यवस्था हुनुपर्दछ । आदिवासी जनजातिहरू विषादी र खतराजन्य वस्तुहरूबाट प्रभावित हुने जोखिम बढी हुन्छ ।

त्यसको सम्बोधन गर्न उपयुक्त कार्यक्रम तय गर्नुपर्दछ । यस्ता कार्यक्रमहरू प्रभावित आदिवासी जनजातिबाट नै निर्माण गर्नुपर्दछ ।

नेपाल आदिवासी जनजाति महासंघ
जलवायु परिवर्तन साझेदारी कार्यक्रम
महाराजगञ्ज, काठमाण्डौ, नेपाल, फोन:- ९७७-१-४४१५३७६
इमेल: info@nefinclimatechange.org
वेबसाइट: www.nefinclimatechange.org

साझेदार : IWGIA
सहयोग :



PHOTO: TUNGA RAI

जानकारी-पत्र

NEFIN

# प्राकृतिक स्रोतमा नेपालका आदिवासी जनजातिको अधिकार

**श्रावण २०७४ (अगस्ट २०१७)**

आदिवासी जनजाति र प्राकृतिक स्रोतबीच अन्योन्याश्रित, बहुआयामिक र विशिष्ट सम्बन्ध हुन्छ । परम्परागत विशिष्ट सम्बन्ध नै प्राकृतिक स्रोतमा आदिवासी जनजातिको अधिकारको आधार पनि हो । प्राकृतिक स्रोत संरक्षण र व्यवस्थापनमा आदिवासी जनजातिले सदियौंदेखि पुर्‍याउँदै आएको योगदानको सम्मान गर्नुपर्ने तथ्यले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बृतमा महत्व पाइसकेको छ । देशहरूबीच आपसी सहमतिका आधारमा तर्जुमा गरिने अधिकांश अन्तर्राष्ट्रिय कानूनहरूमा पनि प्राकृतिक स्रोतमा आदिवासी जनजातिको अधिकारले मान्यता प्राप्त गरिसकेको छ । केही देशहरूले संविधान र कानुनमा नै प्राकृतिक स्रोतमा आदिवासी जनजातिको अधिकार सुनिश्चितता, सम्मान, संरक्षण र प्रवर्द्धन गर्ने व्यवस्था गरेको पाइन्छ ।

नेपालले भने धेरै त्यस्ता अन्तर्राष्ट्रिय कानूनहरूको अनुमोदन र अन्तर्राष्ट्रिय सम्झौता र घोषणापत्रमा हस्ताक्षर गरेतापनि प्राकृतिक स्रोतमा आदिवासी जनजातिको अधिकार सुनिश्चितता, सम्मान, संरक्षण र प्रबर्द्धनको निम्ति कुनै खास व्यवस्था गरेको पाइदैन । सारमा, संविधान र राष्ट्रिय कानूनहरूमा नै प्राकृतिक स्रोतमा आदिवासी जनजातिको अधिकारको अवस्था कमजोर रहेको छ । तसर्थ, नेपालले प्रतिवद्धता जनाएको अन्तर्राष्ट्रिय कानुनहरू खासगरी अन्तर्राष्ट्रिय श्रम सङ्गठन महासन्धि नं. १६९ (१९८९) र आदिवासी जनजातिको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र २००७ अनुरूप आदिवासी जनजातिको अधिकार सुनिश्चितताको अभियान अगाडि बढाउन अति आवश्यक छ । साथै, नेपालको संविधान र विद्यमान कानुनहरूमा प्राकृतिक स्रोतमा आदिवासी जनजातिको अधिकारको सन्दर्भमा गरिएका केही सामान्य तथा विशेष व्यवस्थाहरू पहिचान गर्न पनि उत्तिकै महत्वपूर्ण छ । यही कार्यलाई सहयोग पुर्‍याउने उद्देश्यले यो संक्षिप्त जानकारी पत्र तयार गरिएको हो, जसमा नेपालमा प्राकृतिक स्रोतमाथि

आदिवासी जनजातिको अधिकारबारे कानुनी कमजोरीहरू र विद्यमान आधारहरू प्रस्तुत गरिएको छ ।

## १. संवैधानिक अधिकार

विभिन्न देशहरूमा प्राकृतिक स्रोतमाथि आदिवासी जनजातिको अधिकारको सम्बन्धमा संविधानमा नै विशेष व्यवस्थाहरू गरिएको पाइन्छ । देशको संविधानमा नागरिकको मौलिक हक र राज्यको नीतिसम्बन्धी व्यवस्थाले त्यस देशका आदिवासी जनजातिको प्राकृतिक स्रोतमाथि के कस्तो अधिकार रहेको छ भन्ने कुरा निर्धारण गर्दछ । तर नेपालको संविधानमा प्राकृतिक स्रोतमाथि आदिवासी जनजातिको अधिकारको लागि प्रत्यक्ष वा विशेष व्यवस्था गरिएको छैन । संविधानमा मौलिक हक र राज्यको नीतिअन्तर्गत गरिएका निम्न व्यवस्थाहरूले आदिवासी जनजातिको प्राकृतिक स्रोतमाथिको अधिकार प्रवर्द्धन गर्न केही हदसम्म सहयोग गर्छ ।

**समानताको हकः** संविधान अनुसार समानताको हक अन्तर्गत राज्य र कानुनको दृष्टिमा सबै नागरिक समान हुने भए पनि आदिवासी जनजातिको संरक्षण, सशक्तीकरण वा विकासका लागि राज्यले कानुन बमोजिम विशेष व्यवस्था गर्न सक्ने प्रावधान राखिएको छ । सोही संवैधानिक व्यवस्था अनुसार राज्यले आदिवासी जनजातिको लागि अन्य क्षेत्रका अतिरिक्त प्राकृतिक स्रोतमा आदिवासी जनजातिको अधिकार सुनिश्चित गर्न विशेष व्यवस्था, अतिरिक्त संरक्षण, सहुलियत र सुविधाहरू प्रदान गर्न सक्दछ । उक्त संवैधानिक व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि राज्यको व्यवस्थापिका-संसदबाट विशेष कानूनहरू तर्जुमा गर्नुपर्ने हुन्छ ।

संविधानमा मौलिक हकको रूपमा स्वच्छ वातावरणको हक (धारा ३०), खानेपानी तथा सरसफाइमा पहुँचको हक, धारा ३५ (४), खाद्यसम्बन्धी तथा खाद्य सम्प्रभुताको हक (धारा ३६), परम्परागत रूपमा प्रयोग र अवलम्बन गरिएको स्थानीय बीउ बिजन र कृषि प्रजातिको छनौट र संरक्षणको हक (धारा ४२ (४) सम्बन्धी व्यवस्थाहरू गरिएको छ । यी मौलिक हकहरूको उपयोग गर्दै आदिवासी जनजातिले आफ्ना प्राकृतिक स्रोतमाथिको परम्परागत र प्रथाजन्य कानून र अधिकार उपभोगका लागि जनवकालत गर्ने आधार सिर्जना गर्न सक्दछन् ।

**वातावरणीय न्यायको हकः** नेपालमा खानी उत्खनन् र जलविद्युत तथा सडक लगायतका भौतिक पूर्वाधार विकास गर्दा आदिवासी जनजातिको वसोवास क्षेत्रमा वातावरणीय विनाश गरी प्रदूषण सिर्जना गरिदै आएका सयौं उदाहरण विद्यमान छन् । संविधानमा वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिबापत पीडितलाई प्रदूषकबाट कानुन बमोजिम क्षतिपूर्ति प्राप्त गर्ने हक हुने व्यवस्था गरिएको छ । यस अर्थमा, वातावरणीय विनाश र प्रदुषणबाट प्रभावित आदिवासी जनजातिले यस संवैधानिक व्यवस्थाको आधारमा न्यायोचित क्षतिपूर्तिको दावी गर्न सक्ने अधिकार रहेको छ ।

**परम्परागत स्थानीय बीउ बिजन र कृषि प्रजातिमाथिको हकः** आदिवासी जनजातिहरू स्थानीय बीउ बिजनका व्यवस्थापक र संरक्षक हुन् । आदिवासी जनजातिको परम्परागत ज्ञानको समिश्रण विना कुनै पनि बीउ बिजनको उत्पत्ति र संरक्षण भएको छैन भन्ने कुरा अध्ययनहरूबाट पुष्टि भैसकेको छ । यस कुराको पुष्टिले विश्वमा धेरै देशका अदालतहरूले नजिर स्थापित गरिसकेका छन् कि आदिवासी जनजातिहरू नै स्थानीय बीउ बिजनका संरक्षक र यसबारे ज्ञानका भण्डार हुन् । नेपालको संविधानमा पनि नागरिकलाई परम्परागत रूपमा प्रयोग र अवलम्बन गरिएको स्थानीय बीउ बिजन र कृषि प्रजातिको छनौट र संरक्षणको हक प्रदान गरिएको छ । उक्त व्यवस्थाको आधारमा आदिवासी जनजातिले यस हकको उपयोग गर्न सक्दछन् । यद्यपि, यसका लागि आदिवासी जनजाति समुदायले कुनै पनि परम्परागत बीउ बिजनमाथि आफ्नो परम्परागत अधिकार रहेको कुरा पुष्टि गर्नका लागि त्यस्ता प्रथा, परम्परा र ज्ञानको अभिलेख तयार गरी आदिवासी जनजातिहरूको आफ्नै संगठन वा राज्यको कुनै निकायमा त्यस्तो अभिलेख कायम राख्नु उपयुक्त हुन्छ ।

**राज्यको संवैधानिक नीतिः** संवैधानिक नीतिहरूमा आदिवासी जनजातिको प्राकृतिक स्रोतमाथिको अधिकार प्रवर्द्धनका लागि विशेष व्यवस्था गरिएको छैन । तथापि, संवैधानिक नीति (धारा ५१) अन्तर्गत देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, सम्वर्द्धन र वातावरण अनुकूल दिगो रूपमा उपयोग गर्ने र स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिंदै प्राप्त प्रतिफलहरूको न्यायोचित वितरण गर्ने व्यवस्था गरिएको छ । यस व्यवस्थाको कार्यान्वयनका क्रममा प्राकृतिक स्रोतबाट प्राप्त प्रतिफलको न्यायोचित वितरण हुँदा आदिवासी जनजातिले आफ्नो अग्राधिकार प्राप्तिका लागि दावी गर्न सक्दछन् ।

संविधानमा उल्लिखित सामाजिक न्याय सम्बन्धी राज्यको नीति अन्तर्गत आदिवासी जनजातिको पहिचानसहित सम्मान पूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्ने अवसर तथा लाभका लागि विशेष व्यवस्था



PHOTO: TUNGA RAI

गर्दै सरोकार राख्ने निर्णयहरूमा सहभागी गराउने तथा आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र सम्वर्द्धन गर्ने व्यवस्था गरिएको छ । यस संवैधानिक नीति अनुसार राज्यले प्राकृतिक स्रोतसम्बन्धी विषयमा काम गर्दा समेत आदिवासी जनजातिको यस्ता सामाजिक न्यायसम्बन्धी नीतिको सम्मान र पालना गर्नुपर्ने हुन्छ । पर्यटनसम्बन्धी संवैधानिक नीतिले ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक र प्राकृतिक सम्पदाहरूमा आधारित पर्यटनको विकासबाट प्राप्त लाभ वितरणमा स्थानीय जनतालाई प्राथमिकता दिने व्यवस्था गरेको छ, जसका आधार पर्यटनबाट प्राप्त लाभ वितरणसम्बन्धी कानूनको तर्जुमा गर्दा त्यस्तो लाभमा आदिवासी जनजातिको पहुँच हुने कुराको सुनिश्चितता गर्नुपर्छ ।

समग्रमा, नेपालको संविधानमा मौलिक हक र राज्यको नीति अन्तर्गत प्राकृतिक स्रोतमा आदिवासी जनजातिको अधिकारको लागि विशेष व्यवस्थाहरू गरिएको छैन । यस्तो अवस्थामा, राज्यको नीति, कानून वा संविधान संशोधनको जरूरी छ । तत्कालका लागि भने विद्यमान मौलिक हक तथा राज्यका नीतिहरूलाई नै प्राकृतिक स्रोतमाथि आदिवासी जनजातिको अधिकार सिर्जना र प्रवर्द्धनका लागि व्याख्या विश्लेषण गर्दै उपयोग गर्ने र नयाँ कानूनहरूको तर्जुमा गर्ने रणनीति अवलम्बन गर्नुपर्ने हुन्छ । यो अवस्था सिर्जना गर्नका लागि आदिवासी जनजातिहरूको सशक्त र जिवन्त जनवकालत अभियान पनि आवश्यक पर्दछ ।

## २. अन्तर्राष्ट्रिय प्रतिबद्धता

नेपालले संयुक्त राष्ट्रसंघीय तथा बहुपक्षीय प्रकृतिका गरी झण्डै तीसवटा अन्तर्राष्ट्रिय वातावरणीय सन्धि महासन्धिहरू अनुमोदन गरी त्यस्ता कानूनको पक्ष राष्ट्र भइसकेको छ । नेपालको संन्धि ऐन २०४७ अनुसार यसरी अनुमोदन गरिएका अन्तर्राष्ट्रिय कानूनको राष्ट्रिय कानूनभन्दा उच्च हैसियतमा परिपालना गर्नु पक्षराष्ट्रको दायित्व हुन आउँछ । यी वातावरणीय कानूनहरूमध्ये नेपाल समेत सदस्य रहेका निम्न मुख्य कानूनहरूमा प्राकृतिक स्रोतमाथि आदिवासी जनजातिको अधिकारको व्यवस्थाहरू गरिएको छ ।

**जैविक विविधतासम्बन्धी महासन्धिहरूमा आदिवासी जनजातिको अधिकारः** नेपालले सिमसार सम्बन्धी महासन्धि १९७१, विश्व सम्पदा महासन्धि १९७२, सङ्कटापन्न जंगली वनस्पति तथा जीवजन्तुका प्रजातिको अन्तर्राष्ट्रिय व्यापारसम्बन्धी महासन्धि (साइटिस) १९७३, संयुक्त राष्ट्रसंघीय जैविक विविधता महासन्धि १९९२ र मरूभूमीकरण विरूद्धको महासन्धि १९९४ अनुमोदन गरेको छ ।

यी महासन्धिहरूलगायत जैविक विविधता महासन्धिका अनुसार जैविक विविधतामाथि आदिवासी जनजातिको अधिकार र उनीहरूले सृजना एवं संरक्षण गरेका जैविक विविधताका स्रोत र ज्ञानका भण्डारहरूलाई प्रवर्द्धन एवं संरक्षण गर्नुपर्ने हुन्छ । जैविक विविधताको व्यापारिक प्रयोगबाट आर्जन हुने लाभलाई आदिवासी जनजातिसँग समन्यायिक ढंगले बाँडफाँड गर्ने व्यवस्था गर्नुपर्ने, राष्ट्रिय कानूनको अधिनमा रही, आदिवासी जनजातिको परम्परागत जीवन पद्धति र अभ्यासहरूको सम्मान र संरक्षण

### जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारूप महासन्धिका पक्षराष्ट्रहरूको १६औं सम्मेलनको निर्णय अनुसूची 'क' (कानकुन सम्झौता २०१०)

अनुच्छेद ७०ः प्रत्येक पक्षलाई उपयुक्त हुने गरी राष्ट्रिय परिस्थिति र क्षमता अनुसार न्यूनीकरणका लागि वन क्षेत्रमा तल उल्लेखित गतिविधिहरू गरेर योगदान गर्न विकासशील देशहरूलाई उत्प्रेरित गरिन्छ ।

क) वन फडानीबाट हुने उत्सर्जन कटौती
ख) वनको क्षयीकरणबाट हुने उत्सर्जन कटौती
ग) वन कार्वन संञ्चितीको संरक्षण
घ) वनको दिगो व्यवस्थापन
ङ) वन कार्वन सञ्चितीकरणमा बृद्धि

माथि उल्लेखित (यस निर्णयको अनुच्छेद ७० मा उल्लेख गरिएका) गतिविधिहरू गर्दा निम्न अनुसारका सुरक्षा मापदण्डहरूलाई प्रवर्धन र अवलम्बन गर्नुपर्नेछ ।

क) राष्ट्रिय वन कार्यक्रम र सम्बन्धित अन्तर्राष्ट्रिय महासन्धि र सम्झौताहरूको उद्देश्यसंग सामान्जस्यता वा परिपूरक हुनु पर्ने ।
ख) सार्वभौमिकता र राष्ट्रिय कानुनलाई ख्याल राख्दै परादर्शी र प्रभावकारी राष्ट्रिय वन सुशासन संरचना लागू गर्ने ।
ग) संयुक्त राष्ट्रसंघको महासभाले आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रलाई अवलम्बन गरिसकेको तथ्थलाइ मध्यनजर गर्दै र सम्बन्धित अन्तर्राष्ट्रिय दायित्वहरू, राष्ट्रिय परिस्थिती र कानुनहरूको ख्याल राख्दै, आदिवासी जनजाति र स्थानीय समुदायको ज्ञानसीप र अधिकारको सम्मान गर्ने ।
घ) यस निर्णयको अनुच्छेद ७० र ७२ मा उल्लेखित क्रियाकलापहरूको लागि आदिवासी जनजाति र स्थानीय समुदाय लगायतका सरोकारवालाहरूको पूर्ण र प्रभावकारी सहभागिता गराउने ।
ङ) उक्त कृयाकलापहरू प्राकृतिक वन र जैविक विविधताको संरक्षणसंग सामन्जस्यता राख्ने । यस निर्णयको अनुच्छेद ७० लाई प्राकृतिक वनको संरक्षणका लागी नगरीएपनि प्राकृतिक वन र पारिस्थितिकीय प्रणालीको सेवालाई प्रोत्साहित गर्ने, र सामाजिक र वातावरणीय लाभहरू बढाउने कार्यमा जोड दिने ।
च) नकारात्मक परिवर्तनको जोखिम सम्बोधनका कार्यहरू गर्ने ।
छ) उत्सर्जन विस्थापनलाई न्यूनीकरण गर्ने कार्यहरू गर्ने ।



PHOTO: TUNGA RAI

गर्नुपर्ने, त्यस्ता ज्ञान र अभ्यासका धनीहरूको स्वीकृति र संलग्नतामा तिनीहरूको व्यापक प्रयोगलाई प्रबर्द्धन गर्नुपर्ने हुन्छ। यसका लागि एकातर्फ एउटा महत्वपूर्ण अभिसन्धिको रूपमा रहेको नागोया अभिसन्धि २०१० अनुमोदन गर्नुपर्ने हुन्छ भने अर्कोतर्फ राष्ट्रिय कानूनको पनि तर्जुमा गर्नुपर्ने हुन्छ। तथापि, नेपालले यी दुबै कार्य नगरेको कारण आदिवासी जनजातिको जैविक विविधता लगायतका प्राकृतिक स्रोत र यसबाट प्राप्त लाभमाथिको अधिकार स्थापित हुन सकेको छैन।

**भूमि र स्रोतमाथि आदिवासी जनजातिको अधिकारः** नेपालले अनुमोदन गरेका महासन्धिहरू मध्ये आदिवासी जनजातिको अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय श्रम सङ्गठन महासन्धि नं. १६९ (१९८९)आदिवासी जनजातिको प्राकृतिक स्रोतमाथिको अधिकारका लागि सबैभन्दा महत्वपूर्ण मानिन्छ, जसको भाग ३ (धारा १३-१९) मा आदिवासी जनजातिको भूमि र प्राकृतिक स्रोतमाथिको परम्परागत अधिकारलाई मान्यता प्रदान गर्नुपर्ने, आदिवासी जनजातिको स्वतन्त्र अग्रिम जानकारी सहितको मन्जुरी नलिई प्राकृतिक स्रोतमाथिको अधिकार प्रभावित गर्न नपाइने, आदिवासी जनजातिको प्राकृतिक स्रोतमाथिको अधिकार प्रभावित भएमा वा विस्थापन हुने अवस्था आएमा न्यायोचित् क्षतिपूर्ति दिनुपर्नेलगायतका व्यवस्थाहरू गरिएको छ। यी व्यवस्थाहरूलाई आदिवासी जनजातिको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र २००७ मा थप स्पष्ट पारिएको छ। उक्त घोषणापत्रप्रति नेपालले हस्ताक्षर गरेर प्रतिवद्धता जनाएकोले यी दुबै दस्तावेजहरूको परिपालना गर्दै प्राकृतिक स्रोतमाथि आदिवासी जनजातिको अधिकार सुनिश्चित गर्नु राज्यको दायित्व हो।

**जलवायु कानूनमा आदिवासी जनजातिको अधिकारः** नेपालले अनुमोदन गरेका जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि १९९२, पेरिस सम्झौता २०१५, प्रदुषण नियन्त्रण तथा घातक किसिमका फोहरमैला व्यवस्थापनसम्बन्धी अन्तर राष्ट्रिय कानून र युद्ध तथा हतियार व्यवस्थापनसम्बन्धी अन्तर राष्ट्रिय कानूनहरूमा समेत आदिवासी जनजातिको प्राकृतिक स्रोतसम्बद्ध अधिकारको सम्मान र संरक्षण गर्नुपर्ने कुराहरूलाई विशेष महत्व दिएको छ र यी व्यवस्थाहरूको पनि राज्यले प्रभावकारी रूपमा परिपालना गर्नुपर्ने हुन्छ। नेपालले अनुमोदन गरेको जलवायु परिवर्तनसम्बन्धी पेरिस सम्झौता २०१५ को प्रस्तावनामै आदिवासी जनजातिको अधिकार उल्लेख गरिएको छ। जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि खाकाको कानकुन सम्झौता २०१० मा पनि आदिवासी जनजातिको पूर्ण र प्रभावकारी सहभागीता र सामुहिक अधिकार उल्लेख गरिएको छ।

**जलस्रोत, कृषि र व्यापार नियमन कानूनमा आदिवासी जनजातिको अधिकारः** नेपालले समेत अनुमोदन गरेका विश्व व्यापार संगठनअन्तर्गतका कृषिसम्बन्धी सम्झौता, बौद्धिक सम्पत्तिको अधिकारसम्बन्धी सम्झौता र अन्य सम्झौताहरूका साथै जलस्रोतसम्बन्धी अन्तर्राष्ट्रिय कानून र किसान अधिकार तथा बीउ बीजनसम्बन्धी अन्तर्राष्ट्रिय कानूनहरूमा समेत आदिवासी जनजातिको जमिन र प्राकृतिक स्रोतमाथिको अधिकारको सम्मान गर्नुपर्ने व्यवस्थाहरू गरिएकोले सोको पनि राज्यले पालना र कार्यान्वयन गर्नुपर्ने हुन्छ।

माथि उल्लिखित अन्तर्राष्ट्रिय कानूनको अनुमोदन मात्र प्रयाप्त हुँदैन, यसका लागि राज्यले आदिवासी जनजातिसँगको सहकार्य, सहभागिता, स्वामित्व, सहमति र मञ्जूरीमा राष्ट्रिय कानून र संस्थागत संरचनाहरूको स्थापना र विकास गरी यस्ता कानूनहरूको प्रभावकारी पालना गर्नु राज्यको दायित्व हो।

## ३. प्राकृतिक स्रोतमा आदिवासी जनजातिको अधिकारसम्बन्धी राष्ट्रिय कानून

नेपालमा मुख्य प्राकृतिक स्रोतको रूपमा रहेका जल, जमिन र जंगल तथा जैविक विविधता र वातावरण संरक्षणसम्बन्धी राष्ट्रिय कानूनहरूमा आदिवासी जनजातिको अधिकारको खास व्यवस्था गरिएका छैन। त्यसैले, प्राकृतिक स्रोतमाथि आदिवासी जनजाति अधिकार सुदृढ गर्न विद्यमान अवस्थालाई पनि केलाउनु पर्ने हुन्छ।

### ३.१ भूमिमा आदिवासी जनजातिको अधिकारसम्बन्धी कानून

आदिवासी जनजाति पहिचानको एउटा मुख्य आधार भूमिसँगको सम्बन्ध हो, त्यसैले भूमिमाथि आदिवासी जनजातिको अधिकारको सूनिश्चितता हुनेगरी भूमिसम्बन्धी कानून तर्जुमा गर्नुपर्ने हुन्छ। नेपालको भूमिसम्बन्धी कानूनको समग्र प्रारूप केलाउँदा भूमिसम्बन्धी कानून अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि नं. १६९ अनुसार आदिवासी जनजाति मैत्री कत्ति पनि छ भन्न सकिने अवस्था छैन। तसर्थ, कानूनी र संबैधानिक संसोधनको अतिरिक्त, भूमिसम्बन्धी कानूनमा गरिएका निम्न व्यवस्थाहरूको ख्याल गर्दै भूमिमा आदिवासी जनजाति अधिकारलाई बलियो बनाउनुपर्ने देखिन्छ।

**भूमिसम्बन्धी ऐन २०२१ः** यस कानूनले आदिवासी जनजातिको परम्परागत भूस्वामित्व र सामुहिक भूमि अधिकारको अन्त्य गऱ्यो। यस कानूनअनुसार नेपाल सरकारलाई मालपोत तिर्नुपर्ने गरी आफ्नो नाममा जग्गा दर्ता गरेर सो दर्ताको नाताले जग्गामा हक हुने व्यक्ति जग्गावाला हुने व्यवस्था गरिएको छ, जसअनुसार नेपालको सबै जग्गा सरकारको नियन्त्रणमा रहने र जग्गामा आदिवासी जनजाति लगायत कसैको पनि परम्परागत अधिकार नहुने व्यवस्था गरिएको छ, यद्यपि किपटको हकमा रितीथिति चलनअनुसार सरकारी तिरो तिरी त्यस्तो जग्गा भोग गर्ने व्यक्ति पनि जग्गावाला मानिन्छ।

**मालपोत ऐन २०३४ः** यस ऐनले परापूर्वकालदेखि उपयोग गर्दै आएको जग्गालाई सार्वजनिक जग्गाको रूपमा परिभाषित गऱ्यो। यस ऐनले पनि आदिवासी जनजातिको परंपरागत भूस्वामित्व र सामुहिक भूमि अधिकारको अन्त्य गर्ने अर्को कदम चाल्यो। यस ऐनमा परम्परागत रूपमा भोगचलन गर्दै आएको जग्गामा आदिवासी जनजाति वा अन्य कसैको पनि परम्परागत अधिकार हुन नसक्ने अवस्था रहेको छ। यस ऐनमा जग्गा दर्ता गर्न पाउने विशेष व्यवस्था दफा (७) अन्तर्गत साविक देखिको भोगचलनलाई जग्गा दर्ताका लागि एउटा आधार बन्न सक्ने व्यवस्था गरिएकोले आदिवासी जनजातिले साविकदेखि भोगचलन गर्दै आएको जग्गा दर्ता गर्न छुट भएको अवस्थामा सोही व्यवस्थाका आधारमा आफनो साविकदेखि भोगचलन गर्दै आएको जग्गामा हक कायम गराउन सक्दछन्। तर सामुहिक भूमि अधिकारको भने अन्त्य नै गर्न खोजेको छ।

**जग्गा नापजाँच ऐन २०१९:** यस ऐनअनुसार ऐलानी जग्गा, सार्वजनिक जग्गा र निर्धारित भएको वन सीमाना भित्रको जग्गा बाहेक दर्ता तिरो केही नभई परापूर्वदेखि वेनिस्सा हकभोग भई आवाद गरी खाईआएको जग्गावालाले पनि सो जग्गा दर्ता गराउन सक्ने व्यवस्था गरिएको छ, जसका आधारमा आदिवासी जनजातिले यस्ता प्रकृतिका आफ्ना जग्गामा स्वामित्व कायम गराउन सक्दछन् ।

नेपालको भूमि व्यवस्थापनका सन्दर्भमा माथि उल्लेखित ऐन कानून जस्तै अन्य ऐनहरू जस्तै बिर्ता उन्मूलन ऐन २०१६, उखडा सम्बन्धी ऐन २०२१, मुलुकी ऐन २०२०, गुठी संस्थान ऐन २०३३, कमैया श्रम (निषेध गर्ने सम्बन्धी) ऐन २०५८, जग्गा प्राप्ति ऐन २०३४ लगायतका अन्य धेरै ऐन र नियमावलीहरू रहेका छन्, जसले नेपालको आदिवासी जनजातिको अधिकार हनन् गर्नुका साथै भूमि व्यवस्थापन कानूनलाई आदिवासी जनजाति लगायत सर्वसाधारणले बुझ्न नसक्ने खालको वनाएको छ । यी प्रायः सबैजसो कानूनहरूमा भूमिमा आदिवासी जनजातिको परम्परागत अधिकार र सामुहिक अधिकारको सम्मानका लागि कुनै व्यवस्था नगरिएकोले सोको लागि नयाँ विशेष कानूनको आवश्यकता रहेको छ ।

### ३.२ जलस्रोतमा अदिवासी जनजातिको अधिकारसम्बन्धी कानून

जलस्रोत पनि प्राकृतिक स्रोतको एक हिस्सा भएको हुनाले यसमा अदिवासी जनजातिको अग्राधिकार रहन्छ । पानीका मूहान, नदी, खोलानाला, तालतलाउ, सिमसार आदिको पूजाआजा गर्ने र जलस्रोतसँग अन्तर सम्वन्धित आदिवासी जनजातिको साँस्कृतिक, आध्यात्मिक र धार्मिक संस्कृति र संम्बन्धले जलस्रोतको संरक्षण र दिगो उपयोगमा उल्लेखनिय योगदान पनि पुऱ्याइरहेको हुन्छ । तथापि, नेपालको जलस्रोत ऐन २०४९, खानेपानी संस्थान ऐन २०४६, नेपाल विद्युत प्राधिकरण ऐन २०४१, जलचर संरक्षण ऐन २०१७, खानेपानी व्यवस्थापन बोर्ड ऐन २०६३, खानेपानी महशुल निर्धारण ऐन २०६३ जस्ता कानून र यी अन्तर्गतका दर्जनौं नियमावली र निर्देशिकाहरूमा आदिवासी जनजातिको अधिकारको लागि विशेष व्यवस्थाहरू गरिएको छैन । भएपनि, यी कानूनहरूमा गरिएका निम्न व्यवस्थाहरूको उपयोग गर्दै आदिवासी जनजातिले जलस्रोतमाथिको आफ्नो अधिकार संरक्षणको लागि पहल गर्नुपर्ने हुन्छ ।

- जलस्रोतको परम्परागत रूपमा समूहिक उपयोग गर्दा सरकारबाट अनुमति लिन नपर्ने ।
- कुनै परियोजनाका लागि जलस्रोत उपयोग अनुमतिपत्र प्रदान गर्दा जलस्रोतको परम्परागत उपयोगमा प्रतिकूल असर पार्न नपाइने ।
- कुनै पनि विकास निर्माणका काम गर्दा जलस्रोतमा कसैले पनि प्रदुषण गर्न नपाइने ।

### ३.३ कृषिमा आदिवासी जनजातिको अधिकारसम्बन्धी कानून

कृषि आदिवासी जनजातिको जीवन पद्धतिको एउटा पाटो हो । कृषि उत्पादन र कृषिजन्य बीउ बिजनको उत्पादन, संरक्षण र व्यवस्थापनमा आदिवासी जनजातिको उल्लेखनिय योगदान रहँदै आएको छ । तर, नेपालका कृषि कानूनहरुमा आदिवासी जनजाति अधिकारका लागि स्पष्ट व्यवस्थाहरू गरिएको पाइदैन । कृषि कानूनको रूपमा रहेका बीउ बिजन ऐन २०४५, बिरूवा संरक्षण ऐन २०६४, जीवनाशक विषादी ऐन २०४८, खाद्य ऐन २०२३ लगायत दाना पदार्थ, दुग्ध, चिया तथा कफी र अन्य कृषि उत्पादनमा आधारित कानूनमा विभिन्न व्यवस्थाहरू गरिएको भए पनि बीउ बिजन तथा खाद्य पदार्थसम्बन्धी आदिवासी जनजातिका परम्परागत ज्ञान र सीपलाई मान्यता प्रदान गरिएको छैन । बीउ बिजन कानूनमा परम्परादेखि नै प्रयोग गरिँदै आएको स्थानीय जातको बालीको बीउ बिजनमा स्थानीय स्वामित्व कायम रहने व्यवस्था गरिएको भए पनि यसबारे थप स्पष्ट व्यवस्था गरिएको छैन् । त्यसैले नेपालको कृषि कानूनलाई आदिवासी जनजातिमैत्री बनाउनको लागि, बीउ बिजनको उत्पादन, संरक्षण र व्यवस्थापनमा आदिवासी जनजातिको संस्कृति, ज्ञान, सीप र मुल्य मान्यताको योगदानको कदर र आदिवासी जनजातिको बौद्धिक सम्पत्ति संरक्षणका लागि कानुनी व्यवस्था र जनवकालतका थुप्रै कार्यहरू गर्नुपर्ने अवस्था रहेको छ ।

### ३.४ वन तथा वातावरण र जैविक विविधतामा आदिवासी जनजातिको अधिकारसम्बन्धी कानून

वन तथा वातावरण र जैविक विविधता संरक्षण र यसको दिगो व्यवस्थापनका लागि आदिवासी जनजातिको आफ्नै प्रथा, परंम्परा, संस्कृति, परम्परागत ज्ञान र मूल्य मान्यताहरू रहेका छन् । अध्ययनहरूबाट पुष्टि भईसकेको छ कि संसारभर आदिवासी जनजाति बहुल क्षेत्रमा नै जैविक विविधताको उच्च संरक्षण भएको छ । त्यसैले वन तथा वातावरण र जैविक विविधतासम्बन्धी कानूनमा आदिवासी जनजातिको अधिकारले मान्यता पाउनु पर्दछ । नेपालमा यी विषयमा तर्जुमा गरिएका कानूनमा आदिवासी जनजाति अधिकारका सन्दर्भमा विशेष व्यवस्था गरिएको छैन । नेपालमा वन तथा वातावरण र जैविक विविधता संरक्षण संम्वन्धि निम्न कानुनहरू छन् ।

**वनमा आदिवासी जनजाति अधिकारः** नेपालको वन ऐन २०४९, वन नियमावली २०५१, सामुदायिक वनसम्बन्धी ८ वटा निर्देशिकाहरू, २ वटा मार्गदर्शन, सरकारद्वारा व्यवस्थित वनसम्बन्धी निर्देशिकाहरू, कबुलियति वनसम्बन्धी निर्देशिका तथा मार्गदर्शनहरू समेत गरी वन व्यवस्थापनको सन्दर्भमा थुप्रै कानूनी दस्तावेजहरू विद्यमान रहेका छन् । यी दस्तावेजहरूमा वनमाथि आदिवासी जनजातिको अधिकारका सन्दर्भमा कुनै व्यवस्थाहरू गरिएको छैन । समग्रमा, नेपालको यिनै वन ऐन, वन नियमावली, वन निर्देशिकाहरू र वन मार्गदर्शनहरूको माध्यमबाट आदिवासी जनजातिको परंपरागत प्रथाजन्य कानुन र सामुहिक अधिकारको अन्त्य गरिएको छ ।

**जैविक विविधतामा आदिवासी जनजातिको अधिकारः** नेपालमा जैविक विविधतासम्बन्धी मुख्य कानूनअन्तर्गत राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ र यस अन्तर्गत तर्जुमा भएका मध्यवर्ति क्षेत्र व्यवस्थापन नियमावली २०५२ सहित १२ वटा नियमावली पर्दछन् । त्यस्तै जैविक विविधताका सन्दर्भमा ६ वटा नीतिहरू, ५ वटा निर्देशिकाहरू र ६ वटा कार्यविधिहरूका अतिरिक्त अन्य कयौं मापदण्डहरू पनि तर्जुमा गरिएका छन् । यी दस्तावेजहरूमा पनि जैविक विविधतामा आदिवासी जनजातिको अधिकारका लागि विशेष व्यवस्थाहरूको

कमी रहेको छ । यी कानूनहरूमा तल उल्लिखित सामान्य व्यवस्थाहरू गरिएका छन् तथापी आदिवासी जनजातिको अधिकारका लागि यो दिर्घकालिन समाधान भने होइन । किनकी आदिवासी जनजातिको अधिकारको सवाल सामुहिक अधिकार हो, व्यक्तिगत अधिकार मात्र होइन ।

- वन, वातावरण र जैविक विविधतालाई प्रतिकूल असर नपर्ने गरी राष्ट्रिय निकुञ्ज वा आरक्षको प्रकृति अनुसार निकुञ्ज वा आरक्षमा परम्परागत रूपमा उपयोग गर्दै आएका सुविधा प्राप्त बाटो, रैथाने चरीचरण क्षेत्र, खानेपानी तथा सिंचाई र तटबन्धको प्रयोग गर्न, परम्परागत रूपमा संकलन गर्दै आएको जंगली सागसब्जी तथा कन्दमुल संकलन गर्न र माछा मार्नको लागि आदिवासी जनजाति सहितका स्थानीय वासिन्दालाई अनुमति दिइने ।
- परम्परागत रूपमा माछा मारी जीविका चलाउने स्थानीय बोटे, दराई, कुमाल, थारू जातिका मानिसहरूलाई वार्षिक शुल्क तिरीमाछा मार्न पाउने (तराई क्षेत्रका निकुञ्ज आरक्षको हकमा) ।
- परम्परागत रूपमा वालुवा चाली सुन खोजी गरी जीविका चलाउने स्थानीय खुना समुदायका मानिसहरूले प्रति परिवार वार्षिक शुल्क तिरी सुन चाल्न पाउने (बर्दिया निकुञ्जको हकमा) ।
- संरक्षण क्षेत्रमा कार्यक्रम सञ्चालन गर्दा आदिवासी जनजाति र स्थानीय जनताको मौलिक र परम्परागत ज्ञान तथा सीपको संरक्षण सम्बन्धी कार्यक्रम सञ्चालन गर्नुपर्ने ।
- संरक्षण क्षेत्रका वासिन्दाले आफ्नो परम्परागत संस्कृति र रिती रिवाज चलाउन संरक्षकले निर्धारण गरेको वार्षिक कोटा अनुसार निर्धारित स्थानमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिए बमोजिमका वन्यजन्तु वा पंक्षीको शिकार गर्न पाउने ।

## ४. प्राकृतिक स्रोतसम्बन्धी नीतिमा आदिवासी जनजाति अधिकार

नेपालको जमिन, जलस्रोत, कृषि र वन तथा जैविक विविधतासम्बन्धी विभिन्न नीतिहरूमा त्यस्ता स्रोतहरूमाथिको आदिवासी जनजातिको अधिकार प्रवर्द्धनका लागि निम्न अनुसारका केही सामान्य नीतिगत व्यवस्था गरिएको छ, जसको प्रभावकारी कार्यान्वयनको लागि सोही अनुसारको कानूनी र सस्थागत व्यवस्था गर्नु आवश्यक हुन्छ ।

| नीति तथा रणनीति | आदिवास जनजाती अधिकारसम्बन्धी नीतिगत व्यवस्थाहरू |
|---|---|
| भू-उपयोग नीति, २०७२ | ● भूमिको वर्गीकरण गर्दा सांस्कृतिक, पुरातात्विक, धार्मिक तथा आध्यात्मिक क्षेत्रहरूको पनि पहिचान गरी त्यस्ता क्षेत्रहरूको संरक्षण गर्ने । |
| कृषि विकास रणनीति (सन् २०१५) | ● आदिवासी जनजातिहरूको परम्परागत खाद्य उत्पादन प्रणाली र खाद्य पदार्थ उत्पादनसम्बन्धी असल अभ्यासको उपयोग गर्ने । |
| जलस्रोत रणनीति (सन् २००२) | ● जलस्रोतमाथिको परम्परागत उपयोगको अधिकारलाई न्यायोचित् र क्रियाशिल बनाउने । |
| वन नीति २०७१<br>वन रणनीति २०७२ | ● जैविक विविधता र स्रोत तथा जलाधारको दिगो व्यवस्थापन र उपयोगमा आदिवासी जनजाति र स्थानीय समुदायको पहुँच वृद्धि गर्ने । |
| राष्ट्रिय जैविक विविधता रणनीति र कार्ययोजना (सन् २०१४) | ● जैविक विविधताबाट प्राप्त लाभको बाँडफाँड गर्दा आदिवासी जनजातिले समेत समन्यायिक लाभ प्राप्त गर्ने कुराको सुनिश्चितता् गर्ने । |
| राष्ट्रिय सिमसार नीति २०६९ | ● सिमसार क्षेत्रमा आश्रित आदिवासी जनजाति र अन्य समुदायहरूको परम्परागत ज्ञान, सीप र अनुभवको पहिचान तथा कदर र प्रोत्साहन गर्ने । |
| खर्क नीति २०६८ | ● खर्कको प्रभावकारी व्यवस्थापनका लागि खर्क जग्गा उपयोगकर्ताको स्वामित्वलाई मान्यता प्रदान गर्ने । |

## ५. निष्कर्ष

प्राकृतिक स्रोतमाथि आदिवासी जनजाति अधिकारको सवाल ब्यक्तिगत अधिकार मात्र होईन आदिवासी जनजातिको सामुहिक अधिकारको सवाल हो । प्राकृतिक स्रोतमाथि आदिवासी जनजाति अधिकारको सुनिश्चितता, सम्मान र सम्वर्द्धनका लागि नेपालको संविधान र राष्ट्रिय कानूनमा प्रभावकारी व्यवस्था गरिएको छैन । नेपालका प्राकृतिक स्रोतसम्बन्धी केही नीतिहरूमा गरिएका उपयुक्त व्यवस्थाहरूलाई एकातर्फ कानूनी स्वरूप दिइएको पाइदैन भने अर्कोतर्फ यी नीतिहरूको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन् ।

प्राकृतिक स्रोतमा आदिवासी जनजातिको अधिकारका सन्दर्भमा व्यवस्था गरिएका अन्तर्राष्ट्रिय कानूनको पनि प्रभावकारी कार्यान्वयनको कमीका कारण आदिवासी जनजातिले प्राकृतिक स्रोतमाथिको आफनो अधिकारको पूर्ण उपयोग गर्न पाएका छैनन् ।

विद्यमान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनले प्रदान गरेका अधिकारहरूको प्रभावकारी कार्यान्वयन तथा उपयोग गर्दै थप अधिकार प्राप्तिका लागि आदिवासी जनजातिबाट नियमित, संगठित र प्रभावकारी जनवकालतका अभियानहरू जारी राख्नु आवश्यक भएको छ । नेपालका जल, जमिन र जंगलरवन तथा जैविक विविधतासम्बन्धी कानूनहरूमा आदिवासी जनजातिको अधिकारका लागी नेपालले प्रतिवद्धता जनाएका अन्तर्राष्ट्रिय कानून, खासगरी अन्तर्राष्ट्रिय श्रम सङ्गठन महासन्धि नं. १६९ (१९८९) र आदिवासी जनजातिको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र २००७ को मर्म अनुसार कानून तर्जुमा गर्नु जरूरी छ । यस्तो विशेष कानून तर्जुमाका लागि राज्य तयार नभएमा विद्यमान कानूनहरूमा संशोधन गरी प्राकृतिक स्रोतमाथिको आदिवासी जनजाति अधिकार सुनिश्चित् गर्नु अबको आवश्यकता हो ।

श्रावण, २०७४

# अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ (ILO C 169): सारसंक्षेप

**आत्मनिर्णयको अधिकार**

सामाजिक र आर्थिक अधिकारहरू अन्तर्राष्ट्रिय श्रम संगठनको अधिकार क्षेत्र हुन् । आत्मनिर्णयको राजनीतिक अवधारणाको व्याख्या गर्नु यसको क्षेत्राधिकार भन्दा बाहिरको विषय भएतापनि महासन्धिले आत्मनिर्णयको अधिकारमाथि कुनै सीमा वा बन्देज राखेको छैन् । यो महासन्धिले स्वव्यवस्थापनको अधिकार र आदिवासी जनजातिलाई आफ्नो प्राथमिकताहरू आफै निर्धारण गर्ने अधिकार प्रदान गरेको छ ।

**परामर्श**

यो महासन्धिले आदिवासी जनजातिसँग परामर्श गरिनुपर्ने अधिकारलाई जोड दिएको छ । आदिवासी जनजातिको जीवनमा प्रत्यक्ष असर गर्ने वा पार्न सक्ने कृयाकलापहरूबारे निर्णय वा कार्यान्वयन गरिँदा, सो कृयाकलापहरू कसरी, कहाँ र किन गर्ने भन्नेवारे बिचार बिमर्श र छलफलको लागी आदिवासी जनजातिले पर्याप्त समय, सूचना र उचित निर्णय लिन पाउनु पर्दछ । आदिवासी जनजातिलाई प्रत्यक्ष असर पार्नसक्ने कुनै पनि कृयाकलापका बारे अन्वेषण, अनुसन्धान, बिचार बिमर्श, छलफल र योजना बनाउँदा र त्यसलाई कार्यान्वयन गरिँदा पर्याप्त परामर्श गरिनु पर्दछ ।

**सहभागिता**

आफूसँग सरोकार राख्ने विकासको गति र सीमालाई नियन्त्रण गर्न आदिवासी जनजाति त्यससँग सम्बन्धित सबै प्रकारका प्रक्रियाहरूमा पूर्णरूपमा संलग्न हुनुपर्दछ । कुनै पनि नीति निर्माण प्रक्रिया, परियोजना र कार्यक्रमको कार्यान्वयनमा आदिवासी जनजाति शुरूदेखि अन्त्यसम्म प्रभावकारी रूपमा सहभागी भएमात्र उनीहरू त्यसप्रति जिम्मेबारी हुन सक्दछन् । त्यसो भएमात्र आफ्नो सामाजिक र आर्थिक आत्मनिर्भरताको अवस्था निर्माण गर्न उनीहरू सक्रियरूपमा सहभागी हुन सक्दछन् ।

- आदिवासी जनजातिलाई कुनै पनि परियोजना, नीति वा कार्यक्रमको प्रत्येक चरणमा संलग्न हुने अधिकार रहेको छ ।
- आदिवासी जनजातिलाई नीति, कार्यक्रम वा परियोजनाको तर्जुमादेखि त्यसको कार्यान्वयन र मूल्यांकन सबै चरणमा सहभागि हुन दिइनु पर्दछ ।
- निर्णय प्रक्रियाका स्थानीय, राष्ट्रिय र क्षेत्रीय सबै तहहरूमा आदिवासी जनजातिले सहभागी हुन पाउनु पर्दछ ।
- आदिवासी जनजातिको आफ्नै परम्परागत र प्रतिनिधिमूलक निकायमार्फत सहभागी हुन पाउनु पर्दछ ।
- आदिवासी जनजातिले स्वीकार गरेको अवस्था बाहेक यस्तो सहभागिता सुमदाय बाहिरबाट थोपरिएका संरचनाहरू मार्फत गर्न पाइँदैन् ।

**प्रचलन तथा परम्पराहरू**

आदिवासी जनजातिको जीवन पद्धतीमा आफ्नै प्रचलन, प्रथा र परम्पराहरूले मूख्य भूमिका रहेको हुन्छ । त्यस्ता प्रथा र परम्पराहरू आदिवासी जनजातिको संस्कृति र पहिचानको अविभाज्य अंग हुन् । पुस्तौंदेखि चलिआएको प्रचलन र परम्पराहरूमा पितृपूजा, धार्मिक वा आध्यात्मिक कार्यक्रमहरू, मौखिक परम्परा तथा रीतिरिवाज आदी पर्दछन् ।

आदिवासी जनजातिको परम्परागत संगीत र नृत्यहरू पनि उनीहरूको सांस्कृतिक पहिचानका महत्वपूर्ण अभिव्यक्तिहरू हुन् । यसका अलावा आदिवासी जनजातिको भाषा मौखिक तथा लिखित दुवै रूपमा अन्य समुदायहरूको भन्दा फरक हुन्छन् । कतिपय यी भाषाहरू मौखिक इतिहास र परम्पराहरूलाई जीवित राख्ने अपरिहार्य माध्यमका रूपमा रहेका छन् । ती भाषाहरू आदिवासी जनजातिको विशिष्ट पहिचानका लागि आधारभूत तत्वहरू हुन् ।

**प्रथाजन्य कानून**

महासन्धिले आदिवासी जनजातिको आफ्नै परम्परा र प्रथाजन्य कानून प्रयोग गर्न पाउने अधिकारलाई मान्यता दिएको छ । यो महासन्धिले राष्ट्रिय कानूनहरू लागू गर्दा यी परम्परा र परम्परागत कानूनहरूलाई ध्यान दिइनु पर्दछ भनेर उल्लेख गरको छ ।

**भूमिको अधिकार**

महासन्धिले आदिवासी जनजातिले परम्परागतरूपमा बसोबास गरिरहेका क्षेत्रहरूमाथि उनीहरूको अधिकार हुन्छ भनेर स्पष्ट उल्लेख गरेको छ ।

आदिवासी जनजातिको जीवनमा भूमिको महत्वलाई मान्यता दिंदै महासन्धिले, भूमिसम्बन्धी अधिकारको संरक्षण गर्न विशेष उपायहरू अपनाउनु पर्ने व्यवस्था गरेको छ । यसमा निम्न तत्वहरू समावेश छन् :

- आदिवासी जनजातिको भूमिसँगको विशेष सम्बन्धलाई सम्मान गर्नुपर्ने ।
- भूमिमाथिको परम्परागत, व्यक्तिगत र सामूहिक स्वामित्वलाई मान्यता दिइनुपर्ने ।
- आदिवासी जनजातिको परम्परागत क्षेत्रहरूलाई पहिचान गर्नुपर्ने ।
- आदिवासी जनजातिको परम्परागत भूमिलाई निम्न कार्यहरूबाट संरक्षण गर्नुपर्ने आवश्यकता रहन्छ ।
- आदिवासी जनजातिको परम्परागत क्षेत्रहरूमा सम्बन्धित अधिकारीहरूको अनुमतिविना आफ्नो व्यक्तिगत फाइदाका लागि प्रवेश गर्ने कार्य गरेमा ।
- आदिवासी जनजातिको भूमिलाई जालझेल वा बेइमानीपूर्ण तरिका अपनाई बाहिरबाट आएकाहरूले हडप्ने प्रयास गरेमा ।

**प्राकृतिक स्रोत**

आदिवासी जनजाति आफ्नो परम्परागत ज्ञान पद्धतिहरूका कारण आफ्नो भूमिमा रहेको प्राकृतिक स्रोतको प्रयोग, व्यवस्थापन र संरक्षण गर्न सिपालु छन् ।

महासन्धिले आदिवासी जनजातिलाई आफ्नो भूमि र प्राकृतिक स्रोतमाथि अधिकार रहेको कुरा उल्लेख गरेको छ । यस अन्तर्गत निम्न लिखित कुराहरू पर्दछन् :

- प्राकृतिक स्रोतको उपभोग, व्यवस्थापन र संरक्षणमा सहभागी हुने अधिकार,
- प्राकृतिक स्रोतको अन्वेषण र दोहन गर्नुअघि परामर्शको अधिकार,
- अन्वेषण र दोहनबाट हुने असरहरूका बारेमा अध्ययनको अधिकार,
- प्राकृतिक स्रोतको दोहन र उपभोगबाट हुने फाइदाहरू प्राप्त गर्ने अधिकार,

- यस्ता गतिविधिहरूले पार्ने क्षतिहरूका लागि सरकारबाट क्षतिपूर्ति पाउने अधिकार ।

### विस्थापित आदिवासी

आदिवासी जनजातिको लागि विस्थापन एउटा सम्वेदनशील विषय हो । उनीहरू विकास र प्रगतिका नाममा विस्थापित हुने जोखिम धेरै छ । खनिज उद्योग, बाटो, संरक्षण क्षेत्र, जलविधुत परियोजना आदी कारणले आफ्नो परम्परागत भूभागबाट विस्थापित हुनुले धेरैजसो आदिवासी जनजातिको जीवनपद्धति, समृद्धि र सांस्कृतिक पहिचानमा नकारात्मक असर परेको छ । महासन्धिले आदिवासी जनजातिलाई उनीहरूको भूमिहरूबाट विस्थापन गरिने छैन् भनेर उल्लेख गरेको छ ।

## आदिवासी जनजातिको अधिकारसम्बन्धि संयुक्तराष्ट्रसंघीय घोषणापत्र (UNDRIP) सारसंक्षेप

### आत्मनिर्णयको अधिकार

आदिवासी जनजातिले राजनैतिक, आर्थिक, सामाजिक एवं साँस्कृतिक प्रणाली र विकासको बारेमा सामूहिक र स्वतन्त्र रूपले निर्णय लिन सक्दछन् । उनीहरूलाई आफ्ना राजनैतिक, कानुनी, आर्थिक, सामाजिक एवं साँस्कृतिक संस्थाहरूको संरक्षण र प्रबर्द्धन गर्ने अधिकार हुन्छ । आफ्नै प्रकृया, प्रचलन र परम्परा अनुसार संस्थागत संरचना र नेतृत्व छनौट गर्ने अधिकार हुन्छ ।

### भूमि, भूभाग र प्राकृतिक स्रोतमाथिको अधिकार

आदिवासी जनजातिलाई भूमि, भूभाग र प्राकृतिक स्रोतको अधिकार हुन्छ । राज्यले आदिवासी जनजातिको भूमि व्यवस्थापन प्रणाली र परम्पराहरूलाई सम्मान गर्दै कानूनी मान्यता र संरक्षण दिनु पर्दछ । भूमि, भूभाग र प्राकृतिक स्रोतसँगको विशिष्ट सम्बन्धलाई कायम गर्ने र भावी पुस्तालाई हस्तान्तरण गर्ने अधिकार हुन्छ । राज्यले आदिवासी जनजातिको भूमि, भूभाग र प्राकृतिक स्रोतबारे विवाद समाधानको लागि आदिवासी जनजातिसँग सहकार्य गरी खुल्ला र पारदर्शी प्रक्रियामार्फत विवाद पहिचान र समाधान संयन्त्रको स्थापना र कार्यान्वयन गर्नु पर्दछ ।

### स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी (FPIC)

आदिवासी जनजातिहरूलाई निम्न विषयमा स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जुरीको अधिकार हुन्छ ।

क) आफ्नो भूमि र भूभागबाट बाध्यात्मक विस्थापन र पुनर्स्थापना गराउने कार्य भएमा,

ख) राज्यले आदिवासी जनजातिलाई प्रभाव पार्ने विद्यमान र नयाँ कानून, नियमहरू लागु गर्नु पर्दा,

ग) आदिवासी जनजातिको भूमि तथा भूभागमा विकास योजनाहरू कार्यान्वयनको सिलसिलामा खानी, जल र अन्य प्राकृतिक स्रोतहरू उपयोग गर्दा,

घ) विषादी र खतराजन्य वस्तुहरूले आदिवासी जनजातिको भूमि तथा भूभागमा भण्डारण र फोहरमैला व्यवस्थापन स्थल निर्माण गर्दा आदि ।

### विकासको लागि अधिकार

आदिवासी जनजातिलाई राजनैतिक, आर्थिक र सामाजिक प्रणाली र संस्थाहरूको विकास गर्ने, र व्यवस्थापन गर्ने अधिकार हुन्छ । साथै, जीविकोपार्जन, विकास, परम्परागत गतिविधि, लगायत अन्य आर्थिक गतिविधिहरूमा स्वतन्त्ररूपले सहभागी हुने र संरक्षण गर्ने अधिकार हुन्छ । त्यस्ता अधिकारबाट बञ्चित भएकाहरूका लागि निष्पक्ष न्याय पाउने अधिकार र उनीहरूको अधिकारको निर्धारण गर्ने, प्राथमिकीकरण गर्ने, रणनीति निर्माण गरी आफ्नो विकास गर्ने, स्वास्थ्य, आवास तथा अन्य आर्थिक र सामाजिक कार्यक्रमहरूमा सक्रिय सहभागी हुने, संभव भएसम्म आफ्नै संस्था प्रणाली मार्फत समाज सञ्चालन गर्ने अधिकार हुन्छ । राज्यले आदिवासी जनजातिको आर्थिक र सामाजिक व्यवस्थामा सुधार ल्याउन विशेष व्यवस्था गर्नुपर्छ । यसक्रममा आदिवासी जनजाति समुदायका बूढापाका, महिला, युवा, बालबालिका र अशक्तहरूको अधिकार र विशेष आवश्यकतालाई ध्यान दिनु पर्दछ । राज्यले आदिवासी जनजाति बालबालिकाहरूको आर्थिक शोषण र अन्य प्रकारका बालश्रम र विभेदबाट मुक्त गर्नका लागि विशेष उपायहरू अपनाउनुपर्छ ।

### संस्कृति तथा साँस्कृतिक सम्पदाको अधिकार

आदिवासी जनजाति र व्यक्तिलाई आफ्नो संस्कृतिको बाध्यात्मक समायोजन वा विनाश हुनबाट जोगिने अधिकार छ । राज्यले संस्कृतिको जबरजस्ती समायोजनलाई सम्बोधन गर्न प्रभावकारी संयन्त्रको निर्माण गरी संरक्षण गर्नुपर्दछ । आदिवासी जनजातिलाई उनीहरूको आध्यात्मिक र धार्मिक परम्परा, रीतिरिवाज, चाडपर्वहरूको अभ्यास, विकास र हस्तान्तरण गर्ने अधिकार हुन्छ ।

चाडपर्वहरूमा प्रयोग गरिने सामाग्री प्रयोग र नियन्त्रण गर्ने अधिकार पनि हुन्छ । आदिवासी जनजातिको लागि उनीहरूको साँस्कृतिक सम्पदा, परम्परागत ज्ञान, साँस्कृतिक अभिव्यक्तिका साथै आफ्ना विज्ञान, प्रविधि र सस्कृतिका सँरक्षण, नियन्त्रण गर्ने र विकास गर्ने अधिकार हुन्छ । राज्यले यस्ता अधिकार हरूलाइ मान्यता दिई सँरक्षण गर्नुपर्दछ ।

### शिक्षामा अधिकार

आदिवासी जनजातिलाई आफ्ना शैक्षिकपद्धति र शैक्षिक संस्थाहरू स्थापना गरी आफ्नै भाषा, विधि र माध्यममा पढाउने अधिकार हुन्छ । उनीहरूलाई राज्यले प्रदान गर्ने सबै प्रकार र स्तरका शिक्षा हासिल गर्ने अधिकार पनि हुन्छ । राज्यले संभव भएसम्म आदिवासी जनजातिकै संस्कृति र भाषामा आधारित शिक्षा हासिल गर्ने प्रभावकारी उपाय अपनाउनुपर्छ ।

आदिवासी जनजातिको प्रतिष्ठा, साँस्कृतिक विविधता, परम्परा, इतिहास र भावनालाई उपयुक्त रूपले सार्वजनिक तथा शैक्षिक गतिविधिहरूमा समेट्ने अधिकार हुन्छ । आदिवासी जनजातिप्रति पूर्वाग्रही व्यवस्थाविरूद्ध लड्न, विभेद उन्मुलन गर्न, सहिष्णुताको विकास गर्न, आदिवासी जनजाति र अन्य समुदायबीचमा सुमधुर सम्बन्ध कायम गर्न प्रभावकारी उपायहरू अपनाउनुपर्छ ।

### स्वास्थ्यमा अधिकार

आदिवासी जनजातिलाइ उनीहरूको परम्परागत औषधी र औषधोपोचार पद्धति अपनाउन् र कायम राख्ने अधिकार हुन्छ । शारीरिक र मानसिक स्वास्थ्योपचारको लागि उपयुक्त व्यवस्था हुनुपर्दछ । आदिवासी जनजातिहरू विषादी र खतराजन्य वस्तुहरूबाट प्रभावित हुने जोखिम बढी हुन्छ । त्यसको सम्बोधन गर्न उपयुक्त कार्यक्रम तय गर्नुपर्दछ । यस्ता कार्यक्रमहरू प्रभावित आदिवासी जनजातिबाट नै निर्माण गर्नुपर्दछ ।

नेपाल आदिवासी जनजाति महासंघ
जलवायु परिवर्तन साझेदारी कार्यक्रम
महाराजगञ्ज, काठमाण्डौ, नेपाल, फोन:- ९७७-१-४४१५३७६
इमेल: info@nefinclimatechange.org
वेबसाइट: www.nefinclimatechange.org

सहयोग

साझेदार IWGIA

# अडान-पत्र

NEFIN



PHOTO: TUNGA RAI

# कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रमबारे आदिवासी जनजातिको अडानपत्र

**मंसिर २०७३**

नेपाल सरकारले आदिवासी जनजातिको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ (ILO C 169) र जैविक बिबिधतासम्बन्धी महासन्धि (CBD) अनुमोदन र आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र (UNDRIP) को पक्षमा मतदान गरेको तथ्यलाई जोड दिँदै,

रेडप्लसबारे कानकुन सुरक्षा मापदण्ड (२०१०) र जलवायु परिवर्तनसम्बन्धी पेरिस सम्झौता (२०१५) ले आदिवासी जनजातिको अधिकारलाई आत्मसात गरेको स्मरण गराउँदै,

आदिवासी जनजाति र प्रकृति बीचको अन्योन्याश्रित सम्बन्ध, आत्मनिर्णयको अधिकार, प्राकृतिक स्रोत, जल, जमिन, जंगल र भूमिप्रतिको अधिकार, अग्रीम जानकारी सहितको मञ्जुरी लगायतका आदिवासी जनजाति अधिकारहरूको सम्मान र संरक्षणका मागहरूलाई बुलन्द पार्दै,

जलवायु परिवर्तनसँग सम्बन्धित कार्यक्रम, कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रम दस्तावेज (ERPD) र उक्त कार्यक्रम सम्बन्धमा नेपाल आदिवासी जनजाति महासंघ एवं नेपालका आदिवासी जनजाति निम्न विषयहरूलाई न्यूनतम अडानका रूपमा प्रस्तुत गर्दछ ।

१. UNDRIP, ILO C 169,FPIC, CBD 8(J), Cancun Agreement on REDD+ Safeguards, Climate Change Paris Agreement र आदिवासी जनजातिको अधिकारसम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रावधानहरूलाई यस कार्यक्रमले आधारभूत मापदण्डको रूपमा कार्यान्वयन गर्नुपर्ने ।

२. आदिवासी जनजातिलाई सरोकारवालाको रूपमा नभई अधिकारवाला समुदायको रूपमा अंगिकार गरिनुपर्ने ।

३. जल, जमिन, जंगल, प्राकृतिक स्रोत साधन र आफ्नो भू-क्षेत्रप्रति आदिवासी जनजातिको अधिकार सुनिश्चित हुनुपर्ने ।

४. कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रमले आदिवासी जनजातिको संस्कृति, चालचलन, परम्परा र जीवन पद्धतिमा नकारात्मक असर पार्न नहुने ।

५. आदिवासी जनजातिको धार्मिक र साँस्कृतिक सम्पदा लगायत मूर्त र अमूर्त संस्कृतिलाई मान्यता दिँदै यस्ता सम्पदा र संस्कृतिलाई कार्यक्रमले असर पार्न नहुने ।

६. आदिवासी जनजातिको परम्परागत अभ्यास, ज्ञान, सीप र प्रविधिमा नकारात्मक असर पार्न नहुने ।

७. आदिवासी जनजातिको प्रथाजन्य कानून र संस्थालाई मान्यता दिइनुपर्ने ।

८. कार्यक्रमको हरेक चरण र तहका निर्णय प्रक्रिया, र संरचनामा आदिवासी जनजातिको सामूहिक र प्रतिनिधिमुलक संस्थामार्फत पूर्ण, प्रभावकारी र समानुपातिक सहभागिता हुनुपर्ने ।

९. कार्यक्रमको हरेक चरण र तहमा आदिवासी जनजाति महिलाको प्रतिनिधित्व सुनिश्चित हुनुपर्ने ।

१०. कार्यक्रमको लागि आवश्यक जनशक्तिमा आदिवासी जनजातिलाई समानुपातिक रूपमा समावेस गराइनुपर्ने ।

११. यस कार्यक्रमले आदिवासी जनजातिहरूको भूमिप्रतिको प्रथाजनित स्वामित्व, भोगचलन र सामूहिक अधिकारलाई सुनिश्चित गर्नुपर्ने ।

१२. आदिवासी जनजातिको मञ्जुरी र इच्छाबिना उनीहरूलाई स्थानान्तर गर्न नपाइने ।

१३. कार्बन र गैरकार्बन लाभको बाँडफाँड समतामुलक र पारदर्शी ढंगले हुनुपर्ने ।

१४. वनजंगल संरक्षणमा आदिवासी जनजातिको योगदानको कदर गर्दै गैरकार्बन लाभको वितरणमा आदिवासी जनजातिलाई प्राथमिकता दिइनुपर्ने ।

१५. कार्यक्रमको सबै दस्तावेज र सूचना पर्याप्त समयमा आदिवासी जनजातिलाई सहजतापूर्वक र आफ्नै मातृभाषा र आदिवासी मैत्री माध्यममार्फत उपलब्ध गराउनुपर्ने ।

१६. आदिवासी जनजातिले परम्परादेखि भोगचलन गर्दै आएको वन र चरिचरण क्षेत्रमा बन्देज गर्न नपाइने, साथै उनीहरूका जीविकोपार्जन, साँस्कृतिक र आध्यात्मिक प्रयोजनका लागि आवश्यक पर्ने काष्ठ र गैरकाष्ठ पैदावर लगायत कुनै पनि बस्तुहरू संकलन र उपभोगमा प्रतिबन्ध लगाउन नपाइने ।

१७. आदिवासी जनजातिले परम्परागत रूपमा संरक्षण गर्दै आएको, चरिचरणको रूपमा भोग चलन गर्दै आएको वन र भू-क्षेत्रलाई सरकारी वन, सामुदायिक वन, साझेदारी वन लगायत अन्य किसिमको वनमा परिणत गर्न नपाइने ।

१८. आदिवासी जनजातिले परम्परागत रूपमा भोग चलन, संरक्षण र व्यवस्थापन गर्दै आएका वनलाई सामुदायिक, साझेदारी र सरकारी वनमा गाभिसकेको हकमा त्यस्ता वनलाई आदिवासी जनजातिको स्वामित्वमा रहने गरी फिर्ता गरिनुपर्ने ।

१९. जीविकोपार्जनसँग सम्बन्धित कार्यक्रम निर्माण र कार्यान्वयन गर्दा आदिवासी जनजातिको संस्कृति, परम्परा र आवश्यक्ताअनुसार गरिनुपर्ने ।

२०. आदिवासी जनजातिको बौद्धिक सम्पत्तिलाई सुनिश्चितता गर्दै परम्परागत ज्ञान र सीपमा आधारित व्यवसायलाई प्रवर्द्धन र व्यवसायीकरण गरिनुपर्ने ।

२१. वैकल्पिक उर्जाको व्यवस्था गर्दा सम्बन्धित क्षेत्रका आदिवासी जनजाति र प्रतिनिधिमूलक संस्थासँग सहमति गरी उनीहरूको आवश्यकता अनुसार ब्यवस्था गरिनुपर्ने ।

२२. वन संरक्षण र कार्बन सञ्चितिको नाममा आदिवासी जनजातिको जीविकोपार्जनका आधारहरू र परम्परागत जीवन पद्धतिमाथि नियन्त्रण गर्न र प्रतिबन्ध लगाउन नपाइने ।

२३. कार्यक्रमका प्राविधिक तथा अन्य सबै विषयहरूबारे आदिवासी जनजातिलाई सचेतना र क्षमता अभिवृद्धि गरिनुपर्ने ।

२४. कार्यक्रमका सबै चरणमा आदिवासी जनजाति विज्ञको संलग्नता हुनुपर्ने ।

२५. संरक्षित वन जंगलको कारण वन्यजन्तुबाट मानवीय र कृषि उत्पादनमा क्षति नपुग्ने ब्यवस्था सुनिश्चित गर्नुपर्ने ।

२६. संरक्षित क्षेत्र, वन र निकुन्जमा परम्परागत जीविकोपार्जनका लागि प्रवेश गर्दा आदिवासी जनजातिमाथि हुने सैनिकीकरण, हिंसा र यातना अन्त्य हुनुपर्ने ।

२७. आदिवासी जनजातिको मानवअधिकारको सम्मान, गुनासो सुनुवाई र न्याय सुनिश्चित गर्ने संयन्त्र निर्माण हुनुपर्ने ।

Nepal Federation of Indigenous Nationalities
Climate Change Partnership Program
Maharajgunj, Kathmandu, Nepal, Phone : 977-1-4415376
E-mail: info@nefinclimatechange.org
Website: www.nefinclimatechange.org

Partner IWGIA

Support

Position Statement

NEFIN




PHOTO: TUNGA RAI

# Position Statement of Indigenous Peoples on Emission Reduction Program of Nepal

November 2016

Reiterating the fact that Nepal has ratified the International Labor Organization (ILO) Convention No. 169, the Convention on Biological Diversity (CBD) and voted for the United Nations Declaration on the Rights of Indigenous Peoples (UNDRIP),

Reminding the fact that the Cancun Agreement on REDD+ Safeguards (2010) and the Climate Change Paris Agreement recognize Indigenous Peoples' rights,

Demanding that, as we, the Indigenous Peoples have an intrinsic relationship with the Nature, our rights over natural resources, including our lands and territories be recognized and that our rights to self-determination including the Free Prior Informed Consent (FPIC) procedure be ensured,

The Nepal Federation of Indigenous Nationalities (NEFIN) on behalf of the Indigenous Peoples of Nepal declares the following points as a minimal position of the Indigenous Peoples of Nepal with regard to Emission Reduction Program Document (ERPD) and Emission Reduction Program (ERP) implementation.

1. The UNDRIP, ILO C 169, FPIC, CBD 8(J), the Cancun Agreement on REDD+ Safeguards, the Climate Change Paris Agreement and other relevant international instruments related to Indigenous Peoples' rights should be implemented as minimum standards of ERPD and ERP.
2. The Indigenous Peoples should be recognized and established as the rights holders, not merely as the stakeholders in the ERP.
3. The Indigenous Peoples' rights to land, territories and natural resources inter alia forests, water, and timber and non-timber forest products should be ensured.
4. The customary laws and practices, indigenous knowledge, skills and technology, and tangible and intangible cultural heritages of the Indigenous Peoples should be recognized, respected, promoted and fulfilled.
5. It should be ensured that there are no negative impacts of ERP on the Indigenous Peoples' traditions and culture, life style, livelihood practices, and cosmo-vision.
6. Proportional and effective participation of the Indigenous Peoples through their collective and institutional representation in all institutional structures and through their recruitment, at all phases and levels, including at the national, provincial and local levels, should be ensured.
7. Proportional representation of the indigenous women should be ensured.
8. Indigenous Peoples experts should be actively engaged at all levels and phases of the ERP.
9. Awareness raising and capacity building of the Indigenous Peoples about ERP and REDD+ should be carried out.
10. It should ensure voluntary isolation of Indigenous Peoples and that the ERP strictly does not relocate and resettle the Indigenous Peoples without obtaining their FPIC.
11. Distribution of non-carbon benefits must prioritize the Indigenous Peoples as they contribute the most to the management and protection of the forest.
12. Equitable, transparent and coherent benefit sharing of both carbon benefits and non-carbon benefits should be ensured.
13. Relevant documents and information must be made accessible to and be provided to the Indigenous Peoples in their respective mother tongues in a manner and through a medium that are indigenous peoples-friendly.
14. Feedback grievances redress mechanism and the mechanism for ensuring the Indigenous Peoples' rights must be put in place.
15. Forests, territories and pasturelands that have been traditionally managed, used and protected by the Indigenous Peoples must not be converted into a community forest, a collaborative forest or a government forest.
16. In case any forest of the Indigenous Peoples is already converted into a community forest, or a leasehold forest or any form of government forest, that forest must be handed over back to the Indigenous Peoples.
17. The culture, the world-view and the need of the Indigenous Peoples should be taken into account while introducing support to livelihood options.
18. Necessary arrangements should be made to ensure the protection of intellectual property rights of the Indigenous Peoples and the occupations and livelihood practices based on the indigenous knowledge and skills should be promoted.
19. While introducing alternative sources of energy, the need of the Indigenous Peoples should be properly identified and consensus with them should be reached.
20. The ERP must not restrict the collection and consumption of forest products that have cultural and spiritual values for the Indigenous Peoples.
21. Traditional life styles and livelihoods of the Indigenous Peoples must not be restricted in the name of forest conservation and REDD+.
22. It should be ensured that there is no destruction of crops and harm against human life from the wild life of protected forests.
23. Incrimination and militarization against the Indigenous Peoples for their act of harvesting culturally and socially needed forest products from protected areas, forests and national parks must not occur.

नेपाल आदिवासी जनजाति महासंघ
जलवायु परिवर्तन साझेदारी कार्यक्रम
महाराजगञ्ज, काठमाण्डौं, नेपाल, फोन:- ९७७-१-४४१५३७६
इमेल: info@nefinclimatechange.org
वेबसाइट: www.nefinclimatechange.org

सहयोग
साझेदार IWGIA

# सुझाव-पत्र



PHOTO: TUNGA RAI

# वन लगानी कार्यक्रम (फीप) र समर्पित अनुदान प्रक्रिया (डीजीएम) मा आदिवासी जनजातिको सुझाव–२०७४

**आश्विन, २०७४**

नेपाल आदिवासी जनजाति महासंघद्वारा आयोजित १२–१३ भदौ २०७४ (२८–२९ अगष्ट २०१७) मा भएको राष्ट्रिय परामर्श गोष्ठीमा उपस्थितहरूद्वारा वन लगानी कार्यक्रम (फीप) र समर्पित अनुदान प्रक्रिया (डीजीएम) लाई गम्भीर रूपमा लिंदै,

आदिवासी अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र-२००७; अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९, जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि खाका (युएनएफसीसी), जलवायु परिवर्तनसम्बन्धी पेरिस सम्झौता र जैविक विविधतासम्बन्धी महासन्धिमा उल्लेखित आदिवासी जनजातिसँग सम्बन्धित धारा र निर्णयहरूमा प्रत्याभूत आदिवासीहरूको अधिकारलाई प्रयोग, उपभोग र स्मरण गर्दै गराउँदै निम्न बमोजिमको **वन लगानी कार्यक्रम (फीप) र समर्पित अनुदान प्रक्रिया (डीजीएम) मा आदिवासी जनजातिको सुझाव-२०७४** जारी गर्दछौं ।

१. आदिवासीको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणा पत्र-२००७, अन्तराष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९, जैविक विविधता महासन्धि ८ (j), जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि खाका (युएनएफसीसी)को सम्बन्धित निर्णयहरू, जलवायु परिवर्तनसम्बन्धी पेरिस सम्झौतालगायत आदिवासी जनजातिको अधिकारसम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रावधानहरूलाई वन लगानी कार्यक्रम (फीप) र समर्पित अनुदान प्रक्रिया (डीजीएम)सँग सम्बन्धित क्रियाकलापहरूले आधारभूत मापदण्डको रूपमा अङ्गिकार गरी कार्यान्वयन गर्नुपर्ने,
२. आदिवासी जनजातिलाई सरोकारवालाको रूपमा नभई अधिकारवालाको रूपमा अङ्गिकार र स्वीकार गरिनुपर्ने,
३. जल, जंगल, जमिन, प्राकृतिक स्रोत साधन र आफ्नो भू-क्षेत्रप्रति आदिवासी जनजातिको अधिकार सुनिश्चित हुनुपर्ने,
४. आदिवासी जनजातिको वनलगायत प्राकृतिक स्रोत साधनसँग बहुआयामिक र अन्योन्याश्रित सम्बन्ध भएको तथ्यलाई आत्मसाथ गर्दै डीजीएम र फीप क्रियाकलापहरूमा उनीहरूको पहुँच र पूर्ण सहभागिता प्रभावकारी रूपले हुनुपर्ने,

NEFIN

५. आदिवासी जनजातिको प्रथाजन्य कानून, अभ्यास र संस्थाहरूलाई मान्यता दिइनुपर्ने, साथै आदिवासी जनजातिको संस्कृति, चालचलन, परम्परा, जीवनपद्धति, परम्परागत अभ्यास, ज्ञान, कला, सीप र प्रविधिमा नकारात्मक असर पार्न नहुने,

६. आदिवासी जनजातिको धार्मिक, सांस्कृतिक सम्पदालगायत मूर्त र अमूर्त संस्कृतिलाई मान्यता दिँदै यस्ता सम्पदा र संस्कृतिलाई डीजीएम र फीप क्रियाकलापले असर पार्न नहुने,

७. आदिवासी जनजातिको भूमि अधिकार र जीवन पद्धतिमा हानी हुने गरी डीजीएम र फीप क्रियाकलाप सञ्चालन नहुने प्रतिबद्धता सुनिश्चितता हुनुपर्ने,

८. डीजीएम र फीप सञ्चालन गर्नुपूर्व आदिवासी जनजातिसंग स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी (एफपीक) अनिवार्य हुनुपर्ने,

९. डीजीएम र फीप सञ्चालन गर्दा आदिवासी जनजाति महिला र युवाको सवालहरू र अर्थपूर्ण सहभागितालाई सुनिश्चिता गरिनुपर्ने,

१०. डीजीएम र फीपको सबै दस्तावेज र सूचना प्रयाप्त समयमा आदिवासी जनजातिलाई सहजतापूर्वक आफ्नै मातृभाषा र आदिवासी मैत्री माध्यममार्फत् उपलब्ध गराउनुपर्ने,

११. आदिवासी जनजातिले परम्परादेखि भोगचलन गर्दै आएको वन र चरिचरण क्षेत्रमा बन्देज गर्न नपाइने, साथै उनीहरूका जीविकोपार्जन, सांस्कृतिक, धार्मिक र आध्यात्मिक प्रयोजनका लागि आवश्यक पर्ने काठ र गैरकाठ पैदावर संकलन र उपभोगमा प्रतिबन्ध लगाउन नपाइने,

१२. डीजीएम र फीपसँग सम्बन्धित कार्यक्रमहरूको हरेक चरण र तहका निर्णय प्रक्रिया र संरचनाहरूमा आदिवासी जनजातिको सामूहिक र प्रतिनिधिमूलक संस्थामार्फत् आदिवासी जनजातिलाई पूर्ण, प्रभावकारी र समानुपातिक रूपमा समावेश गराइनुपर्ने,

१३. आदिवासी जनजातिले परम्परागत रूपमा भोगचलन गर्दै आएको, चरिचरण, वन र भू-क्षेत्रलाई सरकारी वन, सामुदायिक वन, साझेदारी वनलगायत अन्य किसिमको वनमा परिवर्तन गर्न नपाइने,

१४. आदिवासी जनजातिको बौद्धिक सम्पतिलाई सुनिश्चितता गर्दै उनीहरूको परम्परागत ज्ञान, कला, सीपमा आधारित व्यवसायलाई प्रबर्द्धन र व्यवसायिकीकरण गरिनुपर्ने,

१५. डीजीएम र फीप क्रियाकलापहरूको प्राविधिक र अन्य सबै विषयहरूबारे आदिवासी जनजातिलाई सचेतना र क्षमता अभिबृद्धि गर्नुपर्ने र कार्यक्रमहरूको सबै चरणहरूमा आदिवासी जनजाति विज्ञ, नेपाल आदिवासी जनजाति महासंघ (नेफिन) र राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ (निफ)को सिफारिसमा संलग्न गराइनुपर्ने,

१६. जल, जंगल, जमिनसँग आदिवासी जनजातिको प्रत्यक्ष सम्बन्ध हुने भएकोले संरक्षित क्षेत्र, वन र निकुञ्जमा परम्परागत जीवनपद्धतिका लागि प्रवेश गर्दा आदिवासी जनजातिमाथि हुने गरेको सैनिकीकरण, हिंसा, यातना र मानवअधिकार हनन्जस्ता कार्यहरू डीजीएम र फीप क्रियाकलापहरूद्वारा नहुने सुनिश्चिता हुनुपर्ने,

१७. आदिवासी जनजातिको मानवअधिकारको सम्मान, गुनासो सुनुवाई, न्याय सुनिश्चित गर्ने संयन्त्र निर्माण हुनुपर्ने,

१८. नेपालमा डीजीएम र फीप क्रियाकलापहरूसँग सम्बन्धित प्रक्रिया र कार्यक्रमले नेपालको सम्पूर्ण आदिवासी जनजातिको सामूहिक प्रतिनिधिमूलक संस्था नेपाल आदिवासी जनजाति महासंघ (नेफिन) भएको तथ्यलाई अंगिकार गर्नुपर्ने,

१९. नेपालका सम्पूर्ण आदिवासी जनजातिहरूको एक मात्र प्रतिनिधिमूलक साझा संस्था नेपाल आदिवासी जनजाति महासंघ (नेफिन)को जिम्मेवारी र कर्तव्य अनुरूप नेपालका आदिवासी जनजातिहरूको सवालको नेतृत्व र समन्वय नेपाल आदिवासी जनजाति महासंघ (नेफिन)ले गर्नुपर्ने,

२०. राष्ट्रिय, अन्तर्राष्ट्रिय निकायहरू र सरकारी निकायहरूले नेपालमा डीजीएम र फीपसंग सम्बन्धित विषयमा आदिवासी जनजातिलाई सम्पर्क र समन्वय गर्दा नेपालका सम्पूर्ण आदिवासी जनजातिहरूको एक मात्र प्रतिनिधिमूलक साझा संस्था नेपाल आदिवासी जनजाति महासंघ (नेफिन) मार्फत् गरी वैद्यतापूर्ण प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने ।

## सुझाव गरिएका केही क्रियाकलापहरू

### ज्ञानको व्यवस्थापन (Knowledge Management)

- प्राकृतिक स्रोतसँग सम्बन्धित आदिवासी जनजातिको ज्ञान, सीप, मूल्य मान्यतालगायतको प्राज्ञिक अध्ययन अनुसन्धानहरू गर्ने,
- प्राकृतिक स्रोतसँग सम्बन्धित आदिवासी जनजातिको ज्ञान, सीप, मूल्य मान्यतालगायतको दस्तावेजीकरण गर्ने,
- आदिवासी जनजातिसम्बन्धीको खोज, अध्ययन अनुसन्धानलगायत आधुनिक विज्ञानसम्बन्धी स्रोत केन्द्र स्थापना गर्ने,
- आदिवासी जनजाति विज्ञ समूह (थीङ्क ट्याङ्क)लाई सहयोग गर्ने,
- तथ्य र सूचना व्यवस्थापन र सम्प्रेषण गर्ने,

### जनचेतना र क्षमता अभिवृद्धि (Awareness Raising and Capacity Building)

- आदिवासी जनजाति समुदायमा सम्बन्धित विषयका स्रोत व्यक्तिहरू, विज्ञहरू सबै तह (राष्ट्रिय र स्थानीय) हरूमा उत्पादन र प्रशिक्षित गर्ने,
- आदिवासी जनजाति समुदायका व्यक्तिहरूलाई प्रशिक्षणपश्चात् 'On-the job- training' प्रदान गर्ने,
- आदिवासी जनजाति विज्ञानसँग सम्बन्धित अभ्यास, मूल्य मान्यता, ज्ञान, सीपसम्बन्धी 'एकेडेमीक' र 'ननऐकेडेमीक' दुबै प्रकारको पाठ्यक्रम विकास गर्ने र उक्त पाठ्यक्रमहरूमा आधारित भएर ज्ञान प्रदान गर्न इच्छुक व्यक्तिहरूलाई छात्रबृति प्रदान गर्ने,
- जनचेतना र क्षमता अभिबृद्धिका लागि तालिमहरू सञ्चालन गर्दा योजनाबद्ध रूपले अल्पकालिन र दीर्घकालिन कार्यक्रमहरूमा सहयोग गर्ने,
- सिकाइ आदानप्रदान गर्न समय-समयमा अवलोकन भ्रमणका लागि सहयोग गर्ने,

### सुशासन प्रबर्द्धन (Governance Strengthening)

- आदिवासी जनजाति र नेपाल सरकारबीच साझेदारी गर्ने,
- नेतृत्व विकास र सुशसनसम्बन्धी प्रशिक्षण, अन्तरक्रिया, छलफल, गोष्ठी, सेमिनार गर्ने,
- सार्वजनिक सुनुवाई र सोसल अडीट नियमित गर्ने,
- आदिवासी जनजातिका प्रतिनिधिमूलक संस्थाहरूलाई संस्थागत क्षमता अभिबृद्धिका लागि सहयोग गर्ने,
- समुदायमा आधारित सूचना र अनुगमन प्रणाली लागू गर्ने,
- आदिवासी जनजातिको परम्परागत जलस्रोत संरक्षण र व्यवस्थापन (सिँचाइ, कुलो, नहर, पोखरी आदि) प्रणालीलाई सहयोग गर्ने,

### वन क्षेत्रमा आधारित उद्यमशिलता (Promoting Forest Sector Entrepreneurship)

- आदिवासी जनजातिको संस्कृति, परम्परा, ज्ञान, सीप, कलामैत्री उत्पादन र बजारीकरण गर्न सहयोग गर्ने,
- जडिबुटी प्रशोधन र व्यवसायिकीकरणलाई सहयोग गर्ने,

### प्रकृतिमा आधारित पर्यटन (Nature Based Tourism)

- आदिवासी जनजातिको संस्कृति र सम्पदाहरूलाई संरक्षण र सम्बर्द्धन गर्ने,
- आदिवासी जनजातिको हस्तकला, लोक श्रुति, संगीत र कथ्यहरूलाई संरक्षण र सम्बर्द्धन गर्न सहयोग गर्ने,
- पर्यटन प्रबर्द्धनका लागि आदिवासी जनजाति समुदायलाई भौतिक पूर्वाधार र प्रविधि स्थापना गर्न सहयोग गर्ने,



PHOTO: TUNGA RAI

Nepal Federation of Indigenous Nationalities
Climate Change Partnership Program
Maharajgunj, Kathmandu, Nepal, Phone : 977-1-4415376
E-mail: **info@nefinclimatechange.org**
Website: **www.nefinclimatechange.org**

Support

Partner IWGIA

**Recommendation**

NEFIN

# Recommendations of Indigenous Peoples oF Nepal on Forest Investment Program (FIP) and Dedicated Grant Mechanism, 2017

## August 2017

Giving serious attention to the discussions and decision of the National Consultation Workshop on Forest Investment Program and Dedicated Grant Mechanism held by Nepal Federation of Indigenous Nationalities (NEFIN), on August 28-29, 2017,

Recalling and drawing attention to the rights of indigenous peoples as enshrined in United Nations Declaration on the Rights of Indigenous Peoples (UNDRIP)-2007, International Labor Organization (ILO) Convention No. 169, Convention on Biological Diversity (CBD), and the decisions in relation to indigenous peoples under United Nations Framework Convention on Climate Change (UNFCCC), including the Paris Agreement,

The indigenous peoples of Nepal put forth their recommendations regarding any processes and activities of Forest Investment Program and Dedicated Grant Mechanism in Nepal, as follows.

1. All FIP and DGM activities in Nepal should, as minimum standards, adopt and implement indigenous peoples' rights-related national and international legal provisions and obligations as stated, particularly in UNDRIP, ILO C 169, CBD 8 (j), UNFCCC decisions, including the Paris Agreement.
2. Indigenous peoples should be recognized and treated as a right holder rather than merely as a stakeholder.
3. Indigenous peoples' rights over natural resources including forests, lands, water and their territories should be guaranteed.
4. Access to and, full and effective participation of indigenous peoples in all FIP and DGM processes and mechanisms should be ensured, acknowledging the fact that they have

1. symbiotic and multi-dimensional relationships with natural resources.
2. Customary laws and institutions of indigenous peoples should be recognized, and measures should be put in place to ensure that FIP and DGM do not adversely affect culture, livelihood, knowledge, arts, skills and technology of indigenous peoples.
3. Religious and cultural heritages, including tangible and intangible ones, of indigenous peoples should be recognized and no FIP and DGM activities should adversely affect these cultural heritages.
4. It should be guaranteed that no FIP and DGM activities have negative implications for customary land tenure, livelihood and ancestral territories of indigenous peoples.
5. No forests and lands that have been customarily managed, used and owned by indigenous peoples should be converted to government forest or put under any other forestry regimes.
6. FIP and DGM activities should not, in any way, lead to indigenous peoples being restricted in using forests and pasturelands that they have been customarily managing for generations, and also they should not restrict a free access of indigenous peoples to collect timber and non-timber forest products for their livelihood and for fulfilling their religious, cultural and spiritual needs.
7. Free, prior and informed consent (FPIC) of indigenous peoples should mandatorily be obtained prior to implementation of any FIP and DGM activities.
8. Concerns of indigenous women and youth should be addressed and their full and effective participation should be ensured prior to implementation of FIP and DGM.
9. All FIP and DGM-related information and documents should be easily available to indigenous peoples in their respective native languages through indigenous peoples-friendly mediums in a timely manner.
10. Full, effective and proportional participation of indigenous peoples through their representative organization at all decision making phases and institutional levels of FIP and DGM should be confirmed.
11. Intellectual properties of indigenous peoples should be protected and enterprises based on their traditional knowledge, art and skills should be promoted and be linked with market by FIP and DGM.
12. Capacity of indigenous peoples on technical and other aspects of FIP and DGM should be built and indigenous experts, as recommended by NEFIN and NIWF, should be included in all phases of FIP and DGM activities.
13. During implementation of FIP and DGM activities, it should be ensured that there is no militarization, criminalization, violence, torture or any form of human rights violation against indigenous peoples while they enter protected areas, forests and national parks for fulfilling their social and cultural need.
14. Necessary mechanisms should be put in place to address human rights violation, redress grievances and resolve disputes.
15. The DGM processes in Nepal should respect the fact that NEFIN is the one and only representative umbrella organization of all indigenous peoples of Nepal.
16. By its mandate and responsibility given by all Indigenous Peoples Organizations of Nepal, NEFIN should be the organization to represent, lead and coordinate among indigenous peoples of Nepal vis a vis FIP and DGM.
17. All national and international actors and government agencies should contact and coordinate with NEFIN, about any matter related to indigenous peoples of the country, to respect and gain legitimacy of representation of indigenous peoples of the country.

## Some recommended activities

### Knowledge Management

- Conduct academic research about natural resources-related knowledge, skills, norms and values of indigenous peoples
- Document natural resources-related knowledge, skills, norms and values of indigenous peoples
- Establish a resource center for research and study of indigenous peoples and to build synergies of modern science and knowledge of indigenous peoples
- Support indigenous think-tank
- Manage and disseminate information

### Awareness Raising and Capacity Building

- Produce and train indigenous resource persons and experts on indigenous knowledge, skills, culture and value system and communities at national, provincial and local levels
- Provide on-the-job training to indigenous peoples
- Develop curriculums for both academic and non-academic courses about knowledge, skills, traditional practices, value system of indigenous peoples and award scholarships
- Support short-term and long-term awareness raising and capacity building programs
- Support exposure visit for sharing good practices/ lessons learnt

### Good Governance

- Build partnership between the Nepal government and indigenous peoples
- Conduct trainings, interactions, discussions, seminars, workshops about leadership development and good governance
- Conduct public hearing and social audit regularly
- Support representative organizations of indigenous peoples for institutional capacity building
- Implement community based monitoring and information system
- Support traditional water conservation and irrigation management (including construction of irrigation canals, ponds etc)
- Promotion of forestry sector entrepreneurship
- Support production and marketing of indigenous products, crafts, artworks, knowledge and skills
- Support herb and aromatic plats processing and assist in commercialization of those products

### Eco-cultural Tourism

- Preserve and promote cultural heritages of indigenous peoples
- Preserve handicraft, folklore, folk music of indigenous peoples
- Support indigenous communities in infrastructure and technology development for promotion of tourism





PHOTOS: TUNGA RAI

# जलाधार संरक्षणमा आदिवासी जनजातिको अधिकार, योगदान र भूमिकालाई सम्मान र सम्बर्द्धन गर !

### आदिवासी जनजातिको परम्परागत जीवनपद्धति र प्राकृतिक श्रोत

- आदिवासी जनजातिको भूक्षेत्र नै विश्वको ८० प्रतिशत जैविक प्रजातिहरू पाइने स्थान हो। यसले विश्वको कूल भूभागको २२ प्रतिशत क्षेत्र ओगटेको छ।
- एसियामा मात्र १० करोड आदिवासी जनजातिहरू जीविकोपार्जन, संस्कृति, रितिरिवाज र अन्य विविध आवश्यकता परिपूर्तिको लागि वनजंगललगायत अन्य प्राकृतिक श्रोतहरूमा निर्भर छन्।
- आदिवासी जनजातिहरू खेतीपाती एवं कृषिको प्रमुख योगदानकर्ताहरू हुन्। उनीहरूले खाद्य सुरक्षाका लगायत पर्यावरणको हितको लागि योगदान पुऱ्याउँदछन्।
- आदिवासी जनजातिहरूको संस्कृति र परम्परा विभिन्न प्रजातिका बीउ, अन्नबाली, औषधीजन्य वनस्पति, साँस्कृतिक महत्वका रुखविरूवा, फलफूल, कन्दमुल र बाली भित्र्याउने र व्यवस्थापन गर्ने तरिका, समय र विधि नै ज्ञानका भण्डार हुन्।

### आदिवासी जनजातिको सवाल र सरोकारहरू

- जलवायु परिवर्तन, खानी उत्खनन, राष्ट्रिय निकुञ्ज, संरक्षण क्षेत्र, अदुरदर्शी विकास निर्माण आदिले आदिवासी जनजातिलाई नकारात्मक असर पारेको छ।
- आदिवासी जनजातिहरू विकास निर्माण, जलाधार तथा अन्य प्राकृतिक श्रोत संरक्षणसँग सम्बन्धित निर्णय प्रक्रियाहरूबाट बञ्चित छन्।

### आदिवासी जनजातिका अधिकारहरू

१. आदिवासी जनजातिहरूलाई उनीहरूको भूमि वा क्षेत्रबाट हटाइने छैन। (आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्संघीय घोषणापत्र/UNDRIP धारा १०)

२. आदिवासी जनजातिहरूलाई उनीहरूले परम्परादेखि स्वामित्व हासिल गर्दै आएका वा अन्य किसिमबाट प्रयोग गर्दै आएको भूमि, क्षेत्र, पानी र तटवर्तीय समुन्द्र तथा अन्य स्रोतहरूसँगको पृथक, आध्यात्मिक सम्बन्ध कायम राख्ने र सुदृढ पार्ने तथा यस सन्दर्भमा भावी पुस्ताप्रति उनीहरूको उत्तरदायित्व बहन गर्ने अधिकार छ। (UNDRIP धारा २५)

३. आदिवासी जनजातिहरूले परम्परागत रूपमा भोगचलन गर्दै आएको वा उनीहरूको स्वामित्वमा रहेको जल, जमिन, जंगल, भूभाग र प्राकृतिक श्रोतसाधनहरूप्रति उनीहरूको अधिकार हुन्छ। (UNDRIP धारा २६)

४. आदिवासी जनजातिहरूलाई उनीहरूको भूमि, क्षेत्र र स्रोतको वातावरण तथा उत्पादन क्षमताको संरक्षण र सुरक्षा गर्ने अधिकार छ। (UNDRIP धारा २९)







५. आदिवासी जनजातिहरूलाई उनीहरूका साँस्कृतिक सम्पदा, परम्परागत ज्ञान तथा परम्परागत साँस्कृतिक अभिव्यक्तिहरूका साथै उनीहरूका विज्ञान, प्रविधि तथा संस्कृतिका अतिरिक्त मानव तथा आनुवंशिक स्रोतहरू, बीजहरू, औषधिहरू, जीवजन्तु एवं वानस्पतिक सम्पदासम्बन्धी ज्ञान, मौखिक परम्पराहरू, साहित्यहरू, नमूनाहरू, खेलकूद एवं परम्परागत खेलहरू तथा दृश्य एवं प्रस्तुति कलाहरूलाई कायम राख्ने, नियन्त्रण गर्ने, संरक्षण गर्ने र विकास गर्ने अधिकार छ। (UNDRIP धारा ३१)

६. आदिवासी जनजातिहरूलाई आफ्ना भूमि, क्षेत्र वा अन्य स्रोतहरूको विकास वा प्रयोगका लागि प्राथमिकताहरू र रणनीतिहरू तयार गर्ने र निर्धारण गर्ने अधिकार छ। (UNDRIP धारा ३२)

७. संयुक्त राष्ट्रसंघीय प्रणालीका अंगहरू एवं विशिष्टीकृत निकायहरू तथा अन्य अन्तरसरकारी संस्थाहरूले वित्तीय सहयोग तथा प्राविधिक सहयोगको परिचालनलगायत अन्य माध्यामबाट UNDRIP को प्रावधानहरूको पूर्ण कार्यान्वयनका लागि योगदान गर्नेछन्। आदिवासीहरूलाई प्रभावित बनाइरहेका मुद्दाहरूमा उनीहरूको सहभागिता सुनिश्चित गर्ने उपायहरूको व्यवस्था गरिनेछ। (UNDRIP धारा ४१)

NEFIN

नेपाल आदिवासी जनजाति महासंघ
जलवायु परिवर्तन साझेदारी कार्यक्रम
महाराजगञ्ज, काठमाण्डौं, नेपाल, फोन:- ९७७-१-४४१५३७६
इमेल: info@nefinclimatechange.org
वेबसाइट: www.nefinclimatechange.org

सुझाव-पत्र

NEFIN




PHOTO: ASHOKA PARIYAR

# International Union for Conservation of Nature (IUCN) ले हरित जलवायु कोष (Green Climate Fund) मा पेश गर्न तयार पारेको 'Improving Climate Resilience of Vulnerable Communities and Ecosystems in the Gandaki River Basin, Nepal' नामक परियोजना प्रस्तावबारे सुझावहरू:

**नेपाल आदिवासी जनजाति महासंघ**
काठमाडौं, बैशाख २०, २०७७ ।

नेपाल आदिवासी जनजाति महासंघ जलवायु परिवर्तन साझेदारी कार्यक्रमद्वारा मिति २०७६ फाल्गुण ६ देखि ८ (February 18-20, 2020) सम्म पोखरामा आयोजित कार्यशाला गोष्ठीमा उपस्थित सहभागीहरू (नेपालका आदिवासी जनजाति प्रतिनिधिहरू, प्रस्तावित परियोजना क्षेत्रअन्तर्गतका २० जिल्लास्थित[1] नेपाल आदिवासी जनजाति महासंघका समन्वय परिषद्हरू, जातीय संस्थाहरू आदि) बीच परियोजनाबारे छलफल भई प्राप्त प्रतिक्रिया र निस्कर्षका साथै परियोजनासम्बन्धी उपलब्ध दस्तावेजहरू समेतको आधारमा, IUCN र नेपाल सरकारको सम्बन्धित निकाय समक्ष नेपाल आदिवासी जनजाति महासंघ निम्न सुझावहरू पेश गर्दछ ।

१. Proposal/परियोजना तयारी क्रममा आदिवासी जनजातिका सवाल, सम्बोधन र सहभागिता सुनिश्चित नगरिएको, परियोजनाबारे आदिवासी जनजातिसँग पर्याप्त छलफल र उनीहरूलाई यथेष्ठ जानकारी प्रदान नगरिएकोले सो सम्बन्धमा सुधार गरिनुपर्ने ।
२. आदिवासी जनजातिका क्षेत्रमा वा उनीहरूसँग सम्बन्धित विषयहरूमा कुनै परियोजना वा कुनै कार्य गर्न परेमा स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जुरी (Free, Prior and Informed Consent/FPIC) को कार्यान्वयन अनिवार्य रूपमा गरिनुपर्ने तर यो परियोजनामा FPIC नगरिएकोले सो सम्बन्धमा सुधार गरिनुपर्ने ।
३. परियोजना क्षेत्रमा आदिवासी जनजाति समुदायहरूको बाक्लो उपस्थिति रहेको (proposal/परियोजनाअनुसार ४० प्रतिशत भन्दा बढी) तर, proposal/परियोजना प्रस्तावमा

१ **प्रस्तावित परियोजना जिल्लाहरू**: बाग्लुङ, म्याग्दी, पर्वत, स्याङ्जा, मुस्ताङ, मनाङ, लमजुङ, गोर्खा, रसुवा, नुवाकोट, चितवन, नवलपरासी, नवलपुर, कास्की, तनहुँ, धादिङ, मकवानपुर, अर्घाखाँची, गुल्मी, पाल्पा ।

आदिवासी जनजाति योजना (Indigenous Peoples Plan) सम्बन्धी कुनै खाका समेत बनाइएको छैन । Proposal/परियोजना प्रस्तावमा बजेटसहितको आदिवासी जनजाति योजना (Indigenous Peoples Plan with Dedicated Budget) बनाइनुपर्ने ।

४. Proposal/परियोजनाको प्रस्तावित कार्यक्षेत्रमा ४० प्रतिशतभन्दा बढी आदिवासी जनजाति समुदायहरूको जनसंख्या रहेता पनि आदिवासी जनजाति लक्षित कुनै पनि कार्यक्रम नदेखिएकोले यसमा सुधार गरिनुपर्ने ।

५. आदिवासी जनजाति बसोबास भएको क्षेत्रका लागि परियोजना तर्जुमा गर्दा परियोजनाका प्राथमिकताहरू आदिवासी जनजातिहरूले आफ्नो फरक र बिशिष्ट जीवनशैली अनुसारको आफ्नो आवश्यकताहरू आफैले पहिचान गर्न पाउनुपर्ने ।

६. परियोजनाले आदिवासी जनजातिका ज्ञान, सीप, कला, पेशा व्यवसाय साथै परम्परागत मूल्य मान्यता र धर्मसंस्कृति संकटमा पर्ने देखिन्छ । तसर्थ त्यस्तो संकटको निवारण गरिनुपर्ने र आदिवासी जनजातिका ज्ञान, सीप, कला, पेशा, व्यवसाय, परम्परागत मूल्य मान्यता र संस्कृतिमा आधारित परियोजना बनाइनुपर्ने ।

७. आदिवासी जनजातिका ज्ञान, सीप, कला आदिलाई परियोजनाको उद्यमशीलता कार्यक्रममा पनि समावेश गरिनुपर्ने ।

८. परियोजना क्षेत्रमा बसोबास गर्ने जनसंख्यामध्ये लगभग ५० प्रतिशत आदिवासी जनजाति भएकोले पनि परियोजनाका उद्देश्य र कामहरू आदिवासी जनजातिमैत्री बनाइनुपर्ने ।

९. परियोजनाले आदिवासी जनजातिको पेशा र व्यवसायलाई संरक्षण, सम्बर्द्धन र सुरक्षा गर्ने किसिमका कार्य गर्नुपर्ने ।

१०. परियोजना क्षेत्रमा जलवायुजन्य जोखिममा रहेका आदिवासी जनजातिका बस्ती र सम्पदाहरूको तथ्याङ्क संकलन गरी सोको समस्या सामधानमा परियोजनाले जोड दिनुपर्ने ।

११. Proposal/परियोजना विकास अघि, आदिवासी जनजातिसमुदायमा वातावरणीय प्रभाव मूल्याङ्कन (Environmental Impact Assessment/EIA) गर्नुपर्ने र EIA गर्दा आदिवासी जनजातिका विशिष्ट जीवनशैलीसम्बन्धी सूचना प्राप्त गर्न, आदिवासी जनजाति-मैत्री र विशिष्ट खालको अध्ययन विधि अपनाइनुपर्ने ।

१२. परियोजनाले आदिवासी जनजातिलाई क्षमता अभिवृद्धिको लागि पनि कार्यक्रम उपलब्ध गराउनुपर्ने ।

१३. आदिवासी जनजातिका लागि छुट्टै तालिम, गोष्ठी, परामर्श, सचेतनामूलक कार्यक्रमहरू गरिनुपर्ने ।

१४. आदिवासी जनजाति महिलाका परम्परागत ज्ञान, सीपलाई परियोजनामा समावेश गरिनुपर्ने ।

१५. आदिवासी महिलाका पृथक सवाल र मुद्दाहरूको सम्मान गर्दै परियोजनाका हरेक चरण र तहमा आदिवासी जनजाति महिलाको अर्थपूर्ण प्रतिनिधित्व र सहभागिताको सुनिश्चितता गरिनुपर्ने ।

१६. आदिवासी जनजाति महिलाका मुद्दा समग्र महिलाको मुद्दासँग एकमुष्ट रूपमा नभई छुट्टै सम्बोधन गरिनुपर्ने ।

१७. आदिवासी जनजातिलगायत उनीहरूका प्रतिनिधिमूलक साझा संस्थाहरूलाई परियोजनाको सबै चरणहरूमा (परियोजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन) र सबै तहहरूमा (केन्द्रदेखि स्थानीय तहसम्म) सक्रिय र अर्थपूर्ण रूपमा सहभागी गराउनुपर्ने ।

१८. सम्बन्धित सरकारी निकाय, IUCN, कार्यान्वयन गर्ने निकाय आदिको तर्फबाट परियोजना कार्यान्वयनको चरणमा पनि आदिवासी जनजाति समुदायहरूसँग छलफल, समन्वय र साझेदारी गर्नुपर्ने ।

१९. आदिवासी जनजातिसँग सम्बन्धित कार्यक्रमहरू, आदिवासी जनजातिको आफ्नै नेतृत्वमा, उनीहरूको आफ्नै संयन्त्रमार्फत् कार्यान्वयन गर्नुपर्ने ।

२०. छलफल, समन्वय, परामर्श र कार्यक्रम कार्यान्वयन गर्दा आदिवासी जनजातिका प्रतिनिधिमूलक साझा संस्थामार्फत् गरिनुपर्ने र सामूहिक प्रतिनिधित्वको सुनिश्चित गर्नुपर्ने ।

२१. परियोजनाको लागि गुनासो सुनुवाई संयन्त्र निर्माण गर्नुअघि सो संयन्त्र निर्माणबारे आदिवासी जनजाति प्रतिनिधिहरूसँग परामर्श गरिनुपर्ने ।

२२. परियोजना सञ्चालन संयन्त्र/Project Governance and Institutional Structures का हरेक तहमा आदिवासी जनजातिको प्रतिनिधीमूलक साझा संस्थामार्फत् उनीहरूको अर्थपूर्ण प्रतिनिधित्व सुनिश्चित गरिनुपर्ने ।

२३. Project proposal/परियोजना बनाउँदा र कार्यान्वयन गर्दा United Nations Framework Convention on Climate Change (UNFCCC) अन्तर्गतका क्यानकुन सम्झौता, पेरिस सम्झौता र सम्बन्धित निर्णयहरूलगायत आदिवासी जनजातिसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानून, महासन्धि, अभिसन्धि, घोषणापत्र र नीतिहरू जस्तै International Labor Organization (ILO) Convention No.169, the United Nations Declaration on the Rights of Indigenous Peoples (UNDRIP)/Green Climate Fund (GCF) Indigenous Peoples Policy को पूर्ण रूपमा पालना गरिनुपर्दछ । हरित जलवायु कोषको आदिवासी जनजाति नीतिसम्बन्धी नीति (GCF Indigenous Peoples Policy) मा आदिवासी जनजातिका धरै सवालहरूलाई सम्बोधन र अधिकारहरूलाई सुनिश्चित गरिएको भएतापनि यो Proposal मा सो नीतिको कार्यान्वयन निराशाजनक रहेको छ ।

धन्यवाद ।




PHOTO: PASANG SHERPA

Nepal Federation of Indigenous Nationalities
Climate Change Partnership Program
Maharajgunj, Kathmandu, Nepal, Phone : 977-1-4415376
E-mail: **info@nefinclimatechange.org**
Website: **www.nefinclimatechange.org**




PHOTO: ASHOKA PARIYAR

**Recommendation**

# Feedback on International Union for Conservation of Nature's proposal titled 'Improving Climate Resilience of Vulnerable Communities and Ecosystems in the Gandaki River Basin, Nepal' to be submitted to the Green Climate Fund.

**Nepal Federation of Indigenous Nationalities (NEFIN)**
May 2, 2020, Kathmandu

Based on the outcomes of the three-day consultation workshop with indigenous peoples' representatives (including those from NEFIN district coordination councils from the 20 project coverage districts[1]) organized by the NEFIN Climate Change Partnership Program in Pokhara, on February 18-20, 2020, and also having studied the project proposal, NEFIN makes following recommendations to the IUCN and the concerned agencies of the Government of Nepal:

1. Indigenous peoples were not properly involved in the project proposal development process, their concerns remain unaddressed; they were not sufficiently consulted and were not provided adequate information about the project; and as such, appropriate remedial measures should be taken to this end;
2. Free, Prior and Informed Consent (FPIC) should be mandatorily applied while dealing with matters directly and indirectly related to indigenous peoples, and therefore FPIC should be strictly implemented in this project as well, as the project impacts indigenous peoples;

1. **Proposed project coverage districts**: Baglung, Myagdi, Parbat, Syangja, Mustang, Manang, Lamjung, Gorkha, Rasuwa, Nuwakot, Chitwan, Nawalparasi, Nawalpur, Kaski, Tanahu, Dhading, Makawanpur, Arghakhanchi, Gulmi, Palpa.

NEFIN

3. The proposed project area is inhabited by indigenous peoples, among others (more than 40% - the largest of all ethnic groups/ communities populating that area-as mentioned in the project document). However, there is no Indigenous Peoples Plan (IPP) and no IPP Framework included in the proposal. The project proposal should have the provision of an IPP/IPPF with dedicated budget and should document the evidences of FPIC obtained from indigenous peoples of the project area;
4. Despite the fact that indigenous peoples constitute a large size of the population in project area, the proposal does not have any particular activities targeted to indigenous peoples, and as such, there should also be activities dedicated to indigenous peoples that address their unique needs;
5. While developing a project to be implemented in are as inhabited by indigenous peoples, the indigenous peoples should get to identify their own needs and project priorities based on their distinct life ways, which did not happen in this case and therefore this matter needs to be addressed;
6. The proposed project seems to jeopardize the indigenous peoples' knowledge, skills, arts, occupations, traditional norms and values, culture and worldviews. Measures should be taken to eliminate the danger, and also the project model should embody the knowledge skills, arts, occupation, culture, traditional norms and values of indigenous peoples;
7. Knowledge, skill, crafts etc. of indigenous peoples should also be incorporated into the project components/entrepreneurship component of the project;
8. Project activities targeted to take place interiorise of indigenous peoples (as indicated above that almost 50% of the population in the project area are indigenous peoples) should be designed and developed in such a way that promotes, protects and safeguards the rights and life ways of the indigenous peoples but not impact their lifeways negatively;
9. Prior to the development of the proposal, there should be data collected on the climate change vulnerability of indigenous peoples and heritages in the project area, thereby emphasizing on seeking solutions to such climate change risks;
10. Prior to the development of the project/proposal, Environmental Impact Assessment (EIA) should be conducted. While doing so, indigenous peoples-friendly and -specific research tools and techniques should be employed to study and collect information on the distinct contexts of indigenous peoples;
11. Under the project, there should also be a program component for capacity building of the indigenous peoples;
12. The project should have dedicated training, meetings, consultations and awareness raising programs with and/ for indigenous peoples;
13. The project should also cover traditional knowledge and skills of the indigenous women;
14. Respecting indigenous women's distinct concerns and issues, there presentation and meaningful participation of indigenous women at all stages and levels of the project should be ensured;
15. Issues of indigenous women should be dealt with separately (not as a whole done when treating issues of women, in general);
16. Full and effective participation of indigenous peoples' representative organizations at all stages (planning, implementation, and monitoring and evaluation) and at all levels (from central to local) of the project should be ensured;
17. The project proponents, the Accredited Entity, the National Designated Authority and the Implementing Entities should coordinate and collaborate with the representative organization of indigenous peoples also during the implementation phase;
18. Coordination and consultation should be carried out with and/ through the indigenous peoples' representative organization making sure that the consultations qualify the credibility of collective representation and deal with collective matters of indigenous peoples;
19. Indigenous peoples should be consulted prior to setting up any institutional architecture, governance mechanism and grievance redress mechanism of the project;
20. The project should have appropriate governance structure, institutional arrangement and a modality for indigenous peoples and their representative organization to able to participate at all levels and phases effectively;
21. While developing and implementing the project proposal/project, various national and international laws, conventions, protocols, declarations and policies related to indigenous peoples, including International Labour Organization (ILO) Convention No 169, the United Nations Declaration on the Rights of Indigenous Peoples (UNDRIP) and GCF Indigenous Policy as well as Paris Agreement and other decisions under United Nations Framework Convention on Climate Change (UNFCCC) should be fully complied with. GCF Indigenous Peoples Policy provides much as to addressing issues and rights of indigenous peoples; however, its application in this proposal is dismal.

THANK YOU

Nepal Federation of Indigenous Nationalities (NEFIN)
Climate Change Partnership Program

Maharajgunj, Kathmandu, Nepal, Phone : 977-1-4415376
E-mail: **info@nefinclimatechange.org**, Website: **www.nefinclimatechange.org**

Support

Partner

IWGIA

2021